का.जि.प्र.का.द.नं. १००/०५९/६०

३१ असार २०८०,
आइतबार
16  July 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १७१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# जोखिममा किशोरी आमा

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ३० असार ।

जुम्लामा ३१० जना २० वर्ष मुनिका किशोरी गर्भवती रहेको पाइएको छ । जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले शनिबार पत्रकारसँग गरेको अन्तरक्रिया कार्यक्रममा यस्तो तथ्याङ्क सार्वजनिक गरेको हो । आर्थिक वर्ष २०७९/०८० को ११ महिनामा जुम्लाका ८ वटा स्थानीय तहका ३ सय १० जना किशोरी गर्भवती भएको हुन् ।

२० मुनिको गर्भवती हुने किशोरीको संख्या सबै भन्दा बढी चन्दननाथ नगरपालिका र सबै भन्दा कम सिँजा गाउँपालिकामा रहेको पाइएको छ । चन्दननाथको ६ सय ४४ गर्भवती महिलामध्ये २ सय २७ जना किशोरी छन् । तिला गाउँपालिकामा १ सय ६३ गर्भवती महिलामध्ये २२ जना, तातोपानीमा ९३ जनामध्ये २१ जना, सिँजामा १ सय ४९ जना मध्ये ५ जना किशोरी छन् ।

कनकासुन्दरीमा १ सय ६० मध्ये २४ जना, गुठीचौरमा ७६ जना गर्भवती महिलामध्ये ४३ जना, हिमामा १ सय १४ जनामध्ये २७ जना र पातारासी गाउँपालिकामा १ सय ४२ जनामध्ये ४१ जना किशोरी गर्भवती रहेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका जनस्वास्थ्य निरीक्षक प्रेम सोमाईले जानकारी दिए ।



‘बिहेवारी: २० वर्ष पारी’ भन्ने नारासहित सरकारले अभियान चलाएको वर्षौं हुँदा पनि पीछडिएका क्षेत्रहरुमा अझै किशोरी अवस्थामै गर्भवती बन्ने समस्या देखिन्छ, जसको उदाहरण हो– जुम्ला । जुम्लामा पछिल्लो ११ महिनामा ३१० किशोरी गर्भवती रहेको तथ्याङ्क सार्वजनिक भएको छ ।

सरकारले ‘बिहेबारी २० वर्ष पारी’ भन्ने नाराका साथ अभियान नै चलाएको वर्षौं हुँदा समेत त्यसको प्रभाव ग्रामिण भेगमा पर्न सकेको छैन । यसको पछिल्लो उदाहरण हो जुम्ला । जहाँ पछिल्लो ११ महिनामा ३१० जना किशोरी गर्भवती छन् ।

जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका अनुसार जुम्लामा बालविवाह बढ्दो क्रममा रहेको छ । स्थानीय तहहरुले बालविवाह न्यूनीकरण गर्न अभियान सञ्चालन गर्दै आए पनि खासै न्यूनीकरण हुन सकेको छैन । जुम्लामा सामाजिक सञ्जालको प्रयोग, अशिक्षा, गरिबी, देखासिकी र प्रलोभनका कारण बालविवाह बढेको सरोकारवालाहरु बताउँछन् । बालविवाह न्यूनीकरण गर्न नेपाल सरकार तथा संघसंस्था र एनजीओ, आइएनजीओका वर्षेनि लाखौं लगानी गरेको भए परिणाममा वालविवाह बढिरहेको छ भने किशोर अवस्थामै बच्चा जन्माउने क्रम रोकिएको छैन ।

रविको चाहना

# यही कार्यकालमा प्रधानमन्त्री !

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारलाई समर्थन गरिदिन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई प्रस्ताव गरेका छन् । रास्वपा सभापति लामिछानेले प्रचण्डपछिको प्रधानमन्त्री दिने भए तयार रहेको जवाफ फर्काएका छन् ।



“ राजनीति सम्भावना नै सम्भावनाको ठाउँ हो । रास्वपा सरकारको नेतृत्व गर्ने सम्भावनालाई नकार्दैन । तर अहिले कुनै निर्णय गरेको छैन ।

**रवि लामिछाने**
सभापति, रास्वपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संगठन विस्तार र पार्टीको दस्तावेज निर्माणमा केन्द्रित भएको छ । दस्तावेज निर्माणका क्रममा सरकारका सहभागिताको विषयका पनि छलफल चलेको छ । कुन अवस्थामा सरकारमा जाने र कुन अवस्थामा नजाने भन्ने तय नगर्दा समस्या हुने भन्दै नेताहरु सरकारमा सहभागी हुने वातावरण कस्तो अवस्थामा मात्रै हुन्छ भनेर दस्तावेजमै लेख्ने प्रयास रास्वपा नेताहरुको छ । दस्तावेज लेखनको कार्य पार्टीका महासचिव मुलुक ढकाल नेतृत्वमा भइरहेको छ ।

रास्वपा सभापति लामिछाने बलियो र रचनात्मक प्रतिपक्षमो आवश्यकता जनताले महसुस गरेका कारण आफूहरु सोही अनुसार, प्रस्तुत भइराखेका बताउँछन् । विगतमा सरकारमा गएको बेला किन गएको भनी प्रश्न उठेको र अहिले रास्वपा पनि बोलिरहन्छ भन्ने भाष्य स्थापित गर्न खोजिएको उद्यलेख गर्दै उनी सरकारमा जाने वा नजाने भन्ने विषय राजनीतिक वातावरणमा भरपर्ने बताउँछन् । आफूहरुले उठाउँदै आएका एजेण्डाहरुसँग सहमत हुने पार्टीसँग सरकारमा रहन सकिने अन्यथा नसकिने पार्टीको प्रष्ट लाइन रहेको सभापति लामिछानेको भनाइ छ ।

सभापति लामिछानेले आफू स्थायित्वको पक्षमा रहेकोले वर्तमान सरकार ढाल्ने पक्षमा पनि नरहेको बताउँछन् । उनी भन्छन्, ‘हामी स्थायित्वका पक्षमा छौं । जनतामा सरकार आज नै ढल्ला कि, भोलि नै

»» पृष्ठ २ मा

एमालेले भन्यो

# कोशी सरकार भंग गरियोस्

प्रमुख प्रतिपक्षी नेकपा एमालेले कोशी प्रदेश सरकार असंवैधानिक रहेको ठहर गरेको छ । असंवैधानिक सरकार भंग गरेर नयाँ सरकार गठनको प्रक्रिया थालिनुपर्ने एमाले सचिवालय बैठकको निष्कर्ष छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० असार ।

कोशी प्रदेशको संयुक्त सरकार भंग गरिनुपर्ने निष्कर्षमा नेकपा एमाले पुगेको छ । प्रमुख प्रतिपक्षी दल एमालेले कोशी प्रदेश सरकार असंवैधानिक रहेको ठहर गरेको छ । असंवैधनिक सरकार भंग गरेर नयाँ सरकार गठनको प्रक्रिया थालिनुपर्ने एमाले सचिवालय बैठकको निष्कर्ष छ ।

शनिबार बसेको एमाले सचिवालय बैठकले विभिन्न ६ प्रस्ताव पारित गर्दै कोशी प्रदेशको नयाँ सरकार भंग गरेर नयाँ सरकार गठन गर्न माग गरेको हो ।

‘वर्तमान सत्ता गठबन्धन संविधानको उलंघन गर्ने, संवैधानिक संस्थाहरूमा हस्तक्षेप गर्ने, तिनीहरूलाई विवादित र निष्प्रभावी बनाउने तथा लोकतन्त्रलाई जगैदेखि खलबल्याउने काममा उद्यत छ । कोशी प्रदेशमा सत्ता गठबन्धनबाट गरिएको संविधानविरोधी क्रियाकलाप यस शृङ्खलाको पछिल्लो कडीका रूपमा रहेको छ’ एमाले सचिवालय बैठकले पारित गरेको पहिलो प्रस्तावमा भनिएको छ ।



“ असंवैधानिक ढंगले गठन गरिएको कोशी प्रदेश सरकार भंग गरी सरकार गठनको संविधानसम्मत प्रक्रिया तत्काल आरम्भ गर्न माग गर्दछ ।

**एमाले, सचिवालयबाट पारित प्रस्ताव**

कोशीमा कांग्रेस संसदीय दलका नेता उद्धव थापाले सरकार गठनका लागि प्रदेश प्रमुखसमक्ष पेश गरेको दाबीमा सभामुख बाबुराम गौमतले समेत हस्ताक्षर गरेका थिए । सोही हस्ताक्षरसमेत गणना गरेर प्रदेश प्रमुख परशुराम खापुङले थापालाई मुख्यमन्त्री नियुक्त गरेका थिए ।

एमालेले संविधानले कहीं पनि सभामुखको पक्षधरताको परिकल्पना नगरेको भन्दै सभामुख दलीय आबद्धताबाट अलग हुनुपर्ने भए पनि कोशीमा सरकार गठन र हटाउने सन्दर्भमा सभामुख स्वयं संलग्न हुनु संसदीय अभ्यासमाथिको हस्तक्षेप भनेको छ ।

‘अवैधानिक ढंगले गठन गरिएको कोशी प्रदेश सरकार भंग गरी सरकार

»» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अध्यागमन महानिर्देशकको ठाडो आदेशमा श्रमिक फर्काइयो

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ३० असार

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले वैदेशिक रोजगारका लागि कुवेत जान लागेका ३७ जना कामदारलाई पुन: फर्काएको छ । यही असार २७ र २८ गते कुवेत जाने क्रममा विमानस्थल अध्यागमनबाट फर्काइएको कामदारलाई टिकट काटेर पुन: पठाइएकोमा विमानस्थल अध्यागमन कार्यलयले फेरि फर्काएको हो ।

उनीहरू शुक्रबार रातिको सलाम र जजिरा एयरबाट कुवेत जाने तयारीमा थिए । उनीहरूलाई वैदेशिक रोजगारीमा कुवेत पठाउन नीलकमल ह्युमन रिसोर्सले श्रम स्वीकृति लिएको थियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलका अनुसार नीलकमलमार्फत जजिरा एयरलाइन्सबाट जान लागेका ११ जना, सलाम एयरलाइन्सबाट जान लागेका ४ जना, युथ म्यानपावर प्रा.लि.बाट कुवेत एयरलाइन्समार्फत जान लागेका १३ जना, सलाम एयरलाइन्सबाट जान लागेका ९ जना फर्काइएका छन् ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले श्रम स्वीकृति लिएका कामदार पुन: फर्काउन अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीले निर्देशन दिएको बताए । अध्यक्ष भण्डारीले महानिर्देशक अधिकारीको निर्देशनमा बदनियत देखिएको बताए । संघले शुक्रबार मात्रै पत्रकार सम्मेलन आयोजना गरी श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई बदनियतले रोक्ने अध्यागमन कर्मचारीहरूमाथि छानबिन र कारबाहीको दायरामा ल्याउन माग गरेको थियो ।

अध्यागमन कार्यालयले असार २४ गते एयर अरेबियाबाट जोर्डन जान लागेका १५ जना, २७ गते सलाम एयरलाइन्सबाट कुवेत जान लागेका १ सय १ जना र कुवेत एयरलाइन्सबाट कुवेत जान लागेका १६ जना श्रम स्वीकृति प्राप्त कामदारलाई रोकेको थियो ।

कुवेत र जोर्डन जान लागेका श्रम स्वीकृति प्राप्त कामदारहरूलाई अध्यागमन कार्यालयले बिना कारण रोकेको भन्दै आपत्ति जनाएको संघले उक्त कार्य बदनियतपूर्ण रहेको समेत बताएको छ ।

## श्रम मन्त्रालय र विभाग चुपचाप ?

**काठमाडौं/मस–** वैदेशिक रोजगार ऐन तथा नियमावलीमा भएको व्यवस्थाअनुसार श्रम स्वीकृति प्रदान गरेका कामदारलाई वैदेशिक रोजगारमा जानबाट अध्यागमन कार्यालयले बिना कारण रोक्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभाग मौन देखिएका छन् ।

सानोतिनो अनुगमन वा छापा मारेर दुई-चार वटा राहदानी बरामद गरेको विषयमा हतार-हतार विज्ञप्ति जारी गरेर फुर्तीफार्ती गर्ने विभागका कर्मचारी आफूले श्रम स्वीकृति दिएका व्यक्तिलाई अध्यागमन कार्यालयले निरन्तररूपमा बिना कारण फर्काउँदा हालसम्म सार्वजनिकरूपमा कुनै प्रतिवाद गरेको देखिएको छैन । यहाँसम्मकी सरकारी अधिकारीहरुको जमघटका बेलासमेत श्रम मन्त्रालय, विभाग र कार्यालयका अधिकारीहरु कसैले कुरा निकाल्लान् कि भनेर टाढिने गरेका छन् । यसले आफ्नो कार्य सम्पादनमाथि अध्यागमन अधिकारीहरूले लगाउने आरोप स्वीकार गरेको जस्तो देखिएको वैदेशिक रोजगार विभागका एक

»» पृष्ठ २ मा

UAE मा रोजगार | कम्पनी : BLUSHER SALON AND SPA- SOLE PROPRIETORSHIP LLC
शहर: UAE

पूर्व स्वीकृत मिति:२०८०/०३/२९ | चलानी नं.: ६०२०४६०० | LT. No.: 289282

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairstylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Apply your BIO DATA at vmsnepal@gmail.com or at 9808772723

VMS
श्रम इजाजत नं. ९२६/०६७/०६८

VASTU MANAGEMENT SERVICE PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel. : 01-4561217, 4561317, Mob.: 9808772723
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com


मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३१ असार २०८०, आइतबार
16 July 2023, Sunday

नेपाल-भारत समन्वय बैठक

# झुलाघाट नाका एक घण्टाअघि नै खुल्ने

**काठमाडौं/मस**–अबदेखि झुलाघाट नाका बिहान ६ बजेदेखि नै खुल्ने भएको छ।

भारतको पिथौरागढमा सम्पन्न नेपाल-भारत समन्वय बैठकमा झुलाघाट नाका बिहान ६ बजे खोल्ने सहमति भएको हो । उक्त बैठकमा बैतडी र दार्चुला तथा भारतको पिथौरागढ जिल्लाका प्रमुख जिल्ला अधिकारी सम्मिलित थिए । यसअघि झुलाघाट नाका बिहान ७ बजे मात्रै खुल्ने गरेको थियो । बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीका अनुसार नेपाल-भारत सीमामा रहेको झुलाघाट पुल एक घण्टाअघि खोल्ने सहमति भएको हो । यसले दुवै देशका नागरिकलाई सहज हुने उनले बताए । यसअघि बिहान ७ बजे नाका खुला दुवै देशका नागरिकलाई समस्या हुने गरेको थियो । भारतमा उपचार र किनमेलका लागि जाने नेपाली नागरिकलाई बढी समस्या हुने गरेको थियो । यस्तै विपद् उद्धार तथा प्रतिकार्यका लागि महाकाली नदीमा रबर बोट तथा डुङ्गा सञ्चालन गर्न सकिने सहमति र विपद्को समयमा दुवै देशका सुरक्षा निकाय



मिलेर उद्धार तथा अन्य कार्यमा सहकार्य गर्ने, महाकाली नदीलाई स्वच्छ राख्न महाकाली नदीमा फोहर नफाल्ने, सीमा क्षेत्रमा हुनसक्ने मानव तस्करी, वन्यजन्तु तस्करीलगायतका गैरकानूनी क्रियाकलाप रोक्नका लागि संयुक्त गस्ती गर्ने, आपसी सहयोग र सहकार्य गर्ने, झुलाघाटस्थित सयौं वर्ष पहिला बनेको झोलुङ्गे पुलको मर्मतसम्भारका लागि दुवै देशले प्राविधिक समिति गठन गरेर त्यसको मर्मतसम्भार गर्नेसमेत सहमति भएको छ ।

यस्तै बैठकमा झुलाघाटमा बन्ने मोटरेबल पुलको डिपिआर बनिसकेको र भारतको केन्द्र सरकारलाई पठाइसकेको भारतीय पक्षले जानकारी दिएको थियो ।

यस्तै बैठकमा भारतीय अधिकारीले धारचुलामा पानीको अभाव भएकाले महाकाली नदीबाट लिफ्टिङ गरेर पानीको व्यवस्थापन गर्ने कुरा उठाएको र यो विषयमा केन्द्र सरकारलाई जानकारी गराउने, भारतबाट लागुऔषध र नशालु औषधि नेपालमा बिक्री हुने गरेको गुनासो आएकाले त्यसलाई रोक्नका लागि भारतीय पक्षले पहल गर्ने, दार्चुलाको व्यासमा बिजुली नभएकाले जेनेरेटर चलाउन इन्धन ल्याउन दिने विषयमा समेत छलफल भएको दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीले बताए । सीमा क्षेत्रमा द्विपक्षीय सहयोग आदानप्रदानका लागि आयोजना गरिएको बैठकमा नेपालका तर्फबाट बैतडीका प्रमुख जिल्ला अधिकारी पन्थी, दार्चुलाका प्रमुख जिल्ला अधिकारी जोशी, जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाही, दार्चुलाका प्रहरी नायव उपरीक्षक तर्कराज पाण्डे, सशस्त्र प्रहरी बल बैतडीका प्रमुख गंगादत्त पन्त, सशस्त्र प्रहरी बल दार्चुलाका प्रमुख डम्बर विष्ट, अनुसन्धान कार्यालय बैतडीका प्रमुख अर्चना सिंह, भारतका तर्फबाट पिथौरागढ जिल्लाका जिल्ला अधिकारी रिना जोशीलगायत सुरक्षा निकायका प्रमुख सहभागी भएका थिए ।

# वैदेशिक क्षेत्रका दुई लाख १६ हजार श्रमिक सामाजिक सुरक्षामा आवद्ध

काठमाडौं/रासस-श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध हुनेक्रम बढेको छ । हालसम्म दुई लाख ६० हजार ८२ श्रमिक योजनामा आबद्ध भएको कोषले जनाएको छ। सरकारले गत चैत ८ गतेदेखि वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत हुनुपर्ने व्यवस्था गरेको थियो। उक्त व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृति लिनुअगावै कोषमा सूचीकृत हुनुपर्नेछ। कोषमा औपचारिक क्षेत्रका चार लाख २३ हजार ९२ श्रमिक आबद्ध भएका छन् । कोषमा हालसम्म औपचारिक र वैदेशिक क्षेत्रका गरी कूल छ लाख ३९ हजार एक सय




७४ श्रमिक सूचीकृत भएका छन् । कोषले विभिन्न सामाजिक सुरक्षा योजनाबापत योगदानकर्तालाई रू.पाँच अर्ब एक करोड दाबी भुक्तानी गरेको छ ।

कोषमा १८ हजार रोजगारदाता सूचीकृत भएका कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए । उनका अनुसार हालसम्म रू.३६ अर्ब २६ करोड योगदान रकम संकलन भएको छ । कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ । कोषले औपचारिक क्षेत्रका श्रमिकका तर्फबाट मासिक ११ प्रतिशत र रोजगारदाताबाट २० प्रतिशत योगदान रकम संकलन गर्दै आएको छ। कोषबाट हालसम्म ८८ हजार पाँच सय ८५ योगदानकर्ताले विभिन्न सुविधा लिएका छन् ।

# सहमतिपछि प्रतिष्ठानको सेवा सञ्चालन



**घोराही/मस**–राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ११ वर्षीय बालकको मृत्युको घटनालाई लिएर बिरामीका आफन्तले ठप्प पारेको सेवा शनिबारदेखि पुनः सञ्चालन भएको छ। अस्पताल प्रशासन र पीडित पक्षबीच सहमति भएपछि सेवा पुनः सञ्चालन गरिएको हो।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा विकास लामिछानेका अनुसार घोराही-३ का वडाअध्यक्ष रामप्रसाद चौधरीको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति बनाउने सहमति भएको छ । समितिले घटनाको सत्यतथ्य छानबिन गरी प्रतिवेदन ल्याउने छ । शैक्षिक योग्यताअनुसार मृतकका नजिकका आफन्त एकजनालाई रोजगारी दिने सहमति भएको लामिछानेले बताए। पीडित परिवारका लागि आर्थिक सहयोग जुटाइने भएको छ।

सहमतिपछि बालकको शव आफन्तले बुझेका छन् । छारे रोगबाट पीडित ११ वर्षीय आक्रोश नेपालीको मृत्यु भएको थियो । उपचारमा लापरवाही गरेका कारण उनको ज्यान गएको मृतकका आफन्तजनले आरोप लगाएका थिए । उचित क्षतिपूर्तिको माग गर्दै उनीहरुले शुक्रबार दिनभर अस्पतालको सेवा अवरुद्ध पारेका थिए । मृत्यु भएका बालकको उपचारका क्रममा लागेको सम्पूर्ण खर्च प्रतिष्ठानले ब्यहोर्न कार्यकारी परिषद्लाई सिफारिस गर्ने सहमति भएको उपकुलपति डा लामिछानेले बताए ।

# करेन्टबाट नगरप्रमुखका दाइको मृत्यु



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० असार

रौतहटमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । शनिबार खेतमा करेन्ट लागेर परोहा नगरपालिका वडा नं.४ लौकाहा घर भएका ७३ वर्षीय शेख तैयवको मृत्यु भएको हो ।

धान खेतमा विद्युतीय मोटरबाट पानी तान्ने क्रममा करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक तैयव परोहा नगरपालिकाको नगरप्रमुख शेख वकिलको ठूलो दाजु हुन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक उमाशंकर प्रसाद यादवले करेन्ट लागेर तैयवको मृत्यु भएको पुष्टि गरे । उनको आइतबार दिउँसो अन्तिम दाहसंस्कार गरिने पारिवारिक श्रोतले जनाएको छ ।

# गरूडा नगर उद्योग वाणिज्य संघको नवनिर्मित भवन उद्घाटन

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ३० असार

रौतहटको गरूडा नगर उद्योग वाणिज्य संघको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । गरूडा नगरपालिका वडा नम्बर ४ मा निर्माण गरिएको एक तले भवनको नगरप्रमुख कन्थमनी जयसवालले उद्घाटन गरेका हुन्। पुरानो भवन जिर्ण भएपछि ५३ लाख रुपैयाँको लागतमा संघको भवन निर्माण गरिएको हो । कार्यक्रममा एमाले पार्टीका नेता शेख कलिमुलाले जग्गादातालाई धन्यवाद ज्ञापन गरेका थिए । अन्य ठाउँमा राजनीतिक दलहरू विकासको मामलामा एक हुन्छ सक्छन् भने हामी किन हुन सक्दैनौं ? भनेर उनले प्रश्न गरेका थिए। उनले सबैजना हातेमालो गरेर गरूडाको विकासमा एकताबद्ध हुन पनि आग्रह गरे । कार्यक्रममा बोल्दै सुनचाँदी व्यवसायी संघका मधेश प्रदेश अध्यक्ष रामजी साहले भवनको उद्घाटसँगै ठूलो कामको थालनी भएको बताए। बैंकका कर्मचारीहरूको



आतंक बन्द गराउनतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने समेत अध्यक्ष साहको भनाइ थियो । पूर्व उपप्रमुख रंगिला देवी जयसवालले गरूडा नगरपालिकामा नगर उद्योग वाणिज्य संघको भवन निर्माण हुनु सबै व्यापारीको लागि खुसीको विषय भएको बताइन् । व्यापारीहरूको मर्कालाई सबैले बुझ्नुपर्नेमा जोड दिँदै उनले संघको भवनमा आउने बाटो र प्रतिक्षालय निर्माणका लागि सुझाव दिइन् । कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख जयसवालले भवन निर्माणको काम ऐतिहासिक रहेको बताउँदै आफू सधैं व्यापारीहरूको हकहितको लागि लड्दै आएको स्मरण गराए ।

उद्योग वाणिज्य संघसम्म आउने सडक ढलानदेखि दोस्रो तल्ला पनि निर्माण गराउने प्रतिबद्धता जनाउँदै उनले नगरभरी आवश्यकता परेको ठाउँहरूमा घुम्ती शौचालय सञ्चालन हुने जानकारी दिए । कार्यक्रमलाई समापन गर्दै संघका अध्यक्ष हरेन्द्र प्रसाद चौधरीले उद्योग वाणिज्य संघको भवन निर्माणमा सहयोग गर्ने जग्गादाता लगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गरे ।

संघका अध्यक्ष चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा गरूडा नपाका पूर्व उपमेयर रंगिला देवी जयसवाल, वडा नम्बर ४ का वडा अध्यक्ष सुनिल कुमार जयसवाल, वडा नम्बर ५ का वडा अध्यक्ष रामबिनोद जयसवाल, सुनचाँदी व्यवसायी संघ मधेश प्रदेश अध्यक्ष रामजी साह, गरूडा नपाका मेयर प्रत्यासी अनिल यादव, दलित विकास समिति मधेश प्रदेश सदस्य राजकुमार दास, गरूडा बहुमुखी क्याम्पसका अध्यक्ष लक्ष्मण प्रसाद साह, उद्योग वाणिज्य संघका सन्तोष चौधरी, शिवजी साहसहित स्थानीय व्यापारी, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

# पशुआहार पहिलो पटक चीन निर्यात



**चितवन/मस**–नेपालबाट पहिलो पटक पशुआहार (हाइलेज) चीन निर्यात गरिएको छ। भरतपुरमा रहेको होराइजन इन्टरनेसनल प्रालिले उत्पादन गरेको पशुआहार शनिबार एक कार्यक्रमबीच चीन निर्यात गरिएको हो । भरतपुरमा उद्योग रहेको छ ।

सो कम्पनीले तयार गरेको १० कन्टेनर पशुआहार पहिलो दिन चीन पठाइएको हो । कम्पनीका अनुसार अब क्रमशः दैनिक २० कन्टेनर पशुआहार चीन पठाइने छ । एक वर्षमा दुई सय करोड टन पशुआहार चीनको सिगात्से सहर पठाउने योजना छ । सो सहर निकै चिसो हुने भएकाले त्यहाँ घाँस उत्पादन हुँदैन । पालिएका पशु चौपायाका लागि घाँस पठाउन लागिएको हो ।

कम्पनीका प्रमुख कार्यकारी निर्देशक चाङका अनुसार अहिले पठाइएको हाइलेज डाँठ र दुधिलो घोगासहितको मकैको बोटबाट तयार पारिएको हो । क्रमशः अम्रिसो, नेपियर लगायतका घाँसबाट समेत पशुआहार बनाइँदै छ । यो कम्पनीले भरतपुर र वरपरका किसानबाट मकैको बोट नै खरिद गरेर प्रशोधन गरी पशुआहार बनाएको हो । चाङका अनुसार किसानलाई उन्नत जातको बीउ, सिँचाइको व्यवस्था र प्राविधिक सहयोगसमेत गरिँदै आएको छ ।

यो प्रविधिमा दुधिलो मकैको बोटलाई काटेर प्रशोधन गरेपछि हावा नपस्ने गरी प्याकिङ गरिन्छ । सुरक्षित भण्डारणमा एक सय २० दिन राखेपछि यो घाँस चीन पठाउने चाङले जानकारी दिनुभयो । दुई वर्षसम्म घाँस प्रयोग गर्न मिल्छ । यसलाई निकै पोषिलो आहारका रुपमा लिने गरिन्छ । कम्पनीले किसानसँग गुणस्तर हेरेर बोटै सहितको मकै खरिद गर्दै आएको छ । पशुआहारलाई रोला बनाएर पठाइएको छ । एउटा रोलामा चार सय ६० किलो पशुआहार हुन्छ । उहाँका अनुसार दैनिक ८० देखि एक सय रोला पशुआहार उत्पादन गर्न सकिन्छ । हाल तयार गरिएको पशुआहार चितवनका विभिन्न ठाउँबाट सङ्कलन गरिएको हो । धेरै मात्रामा पूर्वी चितवनको मकै रहेको छ । सन् २०२२ मा चिनियाँ उपराष्ट्रपति नेपाल आउँदा घाँस चीन लैजाने विषयमा सम्झौता भएको थियो । पहिलो चरणमा केरुङ र रसुवा नाकाबाट घाँस पठाइँदै छ । चाङले चीनको सो क्षेत्रमा दैनिक पाँच सय कन्टेनर घाँसको माग रहेको बताए ।

# चट्याङले ५० भेडाबाख्रा मरे



**जुम्ला/मस**–जुम्लाको पातारासी गाउँपालिका-२ स्थित दुगाडा पाटनमा चट्याङ लागेर ५० भेडाबाख्रा मरेका छन् ।

असार २८ गते चट्याङले ती भेडाबाख्रा मरेका हुन् भने ७० हराएको पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले बताए । चट्याङले ४२ बाख्रा र आठ भेडा मरेको पातारासी गाउँपालिका भेटेरीनरी शाखाका प्रमुख गगन केसीले बताए । सो गाउँपालिकाका स्थानीयवासी कृष्ण ऐडी, र मिमबहादुर बोहोराका भेडाबाख्रा चट्याङबाट मरेका हुन् । पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका अनुसार जिल्लाकै सबैभन्दा बढी भेडापालन हुने ठाउँ पातारासी हो । पाटन र खर्कमा व्यवस्थित भेडीगोठ नहुँदा हरेक वर्ष चट्याङबाट भेडाबाखामा ठूलो क्षति गर्ने गरेको कार्यालयले जनाएको छ । भेडाबाखा चट्याङबाट मरेपछि घर खर्च लगाउनमा समस्या भएको उनीहरुले बताए। स्थानीय सरकारले राहतको लागि माथिल्लो सरकारी निकायमा पहल गरिदिन अनुरोध गरेको भेडापालक किसान ऐडीले बताए ।

# विद्यालयको चार कोठे भवन शिलान्यास

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ३० असार

सप्तरीको बलान बिहुल गाउँपालिकाको वडा नं. १ को दुर्गातारा आधारभूत विद्यालयको चार कोठे भवन शिलान्यास गरिएको छ । शनिबार आयोजित एक समारोहकाबीच विद्यालयको भवन शिलान्यास गरिएको हो ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव र विशिष्ट अतिथि गाउँपालिकाका उपाध्यक्ष रेनु यादवले मन्तव्य राख्दै स्कुलको पढाइमा सुधार गर्नुपर्नेमा जोड दिएका थिए ।

यस्तै वडा नं. १ का वडा अध्यक्ष रामकुमार यादव, कार्यपालिका सदस्य सन्जिप शर्मा लगायतले मन्तव्य राख्दै विद्यालयको भौतिकका साथै शैक्षिक गुणस्तर वृद्धि गर्न



आग्रह गरेका थिए । विद्यालय भवन नहुँदा पठनपाठनमा समस्या हुँदै आएको विद्यालयले जनाएको छ । उक्त भवन भूकम्प प्रतिरोधक बन्ने विद्यालयले जनाएको छ ।

## रविको...

ढल्ला कि, गठबन्धन परिवर्तन भइहाल्ला कि भन्ने वातावरण नबनोस् भन्ने चाहन्छौं ।' तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारलाई समर्थन गरिदिन रास्वपालाई पटक पटक प्रस्ताव आएको उनले खुलाए ।

गत वैशाख १० को उपनिर्वाचन यता सरकारमा सहभागी हुन निरन्तर प्रस्ताव आइरहेको उल्लेख गर्दै सभापति लामिछानेले सरकारलाई समर्थन गर्नका लागि राजनीतिक वातावरण चाहिने जवाफ फर्काएका छन् ।

रास्वपा र माओवादी केन्द्रका दोस्रो तहका नेताहरुका अनुसार, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारलाई समर्थन गरिदिन रास्वपालाई प्रस्ताव गरेका छन्। रास्वपा सभापति लामिछानेले प्रचण्डपछिको प्रधानमन्त्री दिने भए तयार रहेको जवाफ फर्काएका छन् । प्रचण्डले आफूपछि नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपाललाई प्रधानमन्त्री बन्ने अवस्थामा रास्वपाले प्रधानमन्त्री पाउने भन्ने विषय प्राकृतिक भएको रास्वपा नेताहरु बताउँछन् ।

'१० सिटको पार्टीले प्रधानमन्त्री पाउने हुँदा २१ सिटको पार्टीले नपाउने भन्ने हुँदैन । प्रचण्ड पछिको प्रधानमन्त्री रास्वपाले पाउने हो भने प्रचण्ड नेतृत्वको सरकारलाई रास्वपाले समर्थन दिन्छ' एक नेताले भने ।

रास्वपा सभापति लामिछाने पनि सत्तापक्षका दोस्रो र तेस्रो तहका नेताहरुले सहयोग मागिरहेको बताउँछन् । तर, त्यस प्रस्तावमा आफूले कार्यान्वयनको हदमा जानेगरी गम्भीरतापूर्वक नलिएको उनको भनाइ छ । 'राजनीति सम्भावना नै सम्भावनाको ठाउँ हो । रास्वपा सरकारको नेतृत्व गर्ने सम्भावनालाई नकार्दैन । तर अहिले कुनै निर्णय गरेको छैन', उनी भन्छन् ।

## एमालेले...

गठनको संविधानसम्मत प्रक्रिया तत्काल आरम्भ गर्न माग गर्दछ' एमालेको ६ बुँदे प्रस्तावको पहिलो नम्बरमा भनिएको छ ।

कोशी प्रदेश सरकार गठनको विरुद्ध एमाले संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री हिक्मत कार्कीले सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए । कार्कीको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले नयाँ मन्त्रीमण्डललाई दिर्घकालीन प्रभाव पार्ने कुनै निर्णय नगर्न आदेश दिएको थियो ।

कार्कीले दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले मुद्दाको अन्तिम किनारा नभएसम्म दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको हो । रिटमा विपक्षीलाई साउन ३ गतेसम्म जवाफ पेश गर्न आदेश दिइएको छ भने साउन ७ गते रिटको पेसी तोकिएको छ।

प्रदेश प्रमुख परशुराम खापुङले कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका उद्धव थापालाई असंवैधानिक रूपमा नियुक्त गरेको भन्दै नेकपा एमाले संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री हिक्मतकुमार कार्कीले रिट दायर गरेका थिए। साउन ७ गतेदेखि मुद्दाको निरन्तर सुनुवाइ हुने आदेशमा उल्लेख छ।

कार्की ले रिटमा संविधानको धारा १६८ उपधारा २ अनुसार थापाको नियुक्ति अवैध भएको दाबी गर्दै नियुक्ति खारेज गर्न र धारा १६८ को उपधारा ३ अनुसार आफूलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेशको मागसमेत गरेका छन्। यसअघि नै कोशी प्रदेशको नयाँ सरकार गठन प्रक्रियालाई लिएर संघीय संसद्मा पनि आलोचना भएको थियो । यही बेला एमालेले कोशी प्रदेश सरकार असंवैधानिक रहेको ठहर गर्दै सरकार भंग गरेर नयाँ सरकार गठनको प्रक्रिया थालिनुपर्ने निष्कर्ष निकालेको हो।

## श्रम...

पूर्वमहानिर्देशकले मध्यान्हसंग टिप्पणी गरे ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा संघका अध्यक्ष राजेन्द्र भण्डारीले मन्त्रालयका सचिव र विभागका महानिर्देशकले गृह मन्त्रालयमा उपप्रधान एवम् गृहमन्त्री नारायणीकाजी श्रेष्ठको उपस्थितिमा भएको छलफलमा श्रम स्वीकृति विधिसम्मत रहेको अडान लिएको बताए ।

तर अध्यागमनले कामदार रोकेको घटनाले अन्तर्राष्ट्रिय रूप लिन लाग्दासमेत मन्त्रालय र विभागले आफ्नो मातहत भएको काम विधिसम्मत भएको सार्वजनिक जिकिर गर्न नसक्दा आफूहरु अविभावकविहीनजस्तो बनेको व्यवसायीहरुले बताएका छन् ।

रेमिट्यान्स आप्रवाह र त्यसले देशको अर्थतन्त्रमा पु¥याएको योगदान हेर्ने हो भने यतिबेला श्रम मन्त्रालयको हैसियत अर्थ मन्त्रालयको हाराहारीमा हुनुपर्ने हो । तर बजेट विनियोजन वा अन्य कारणले श्रम मन्त्रालय हेपिएको अवस्थामा रहेको छ । केही दिनअघि सरूवा भएका श्रम मन्त्रालयका तत्कालीन सचिव एकनारायण अर्यालले आफ्नो बिदाइ कार्यक्रममा मन्त्रालयको अवस्था स्वतन्त्र हैसियतको नभएको अनुभव सुनाएका थिए ।

कहिले परराष्ट्र मन्त्रालय र कहिले अन्य मन्त्रालयबाट हेपिने श्रम मन्त्रालय र विभाग अहिले गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागले लगाएको दोष र अपजस व्यहोर्नुपर्ने अवस्थामा छ। विभागका ती पूर्वमहानिर्देशक भन्छन्, 'देशमा गणतन्त्र आएको दुई दशक हुन लाग्यो, तर श्रम मन्त्रालय आन्तरिक उपनिवेशको थिचोमिचो सहेर काम गर्न बाध्य छ ।'

# भारतीय सडक निर्माणका क्रममा विस्फोट गर्दा नेपालका तीन घरमा क्षति

**दिपक बाबू साउँद/मध्यान्ह**
दार्चुला, ३० असार

महाकाली नगरपालिका-५ मसिनीबालुवामा भारतीय सडकमा विस्फोट गराएको ढुंगा उछिटिएर नेपालतर्फका घरहरुमा क्षति भएको छ । नेपालतिर कुनै सूचना नदिइ शुक्रबार भारत पिथौरागढ जिल्लाको धार्चुला तहसिलअन्तर्गतको कालिका ग्रामसभास्थित नयाँ बस्तीमा निर्माण भइरहेको सडकमा विस्फोट गराउँदा त्यहाँबाट उछिटिएको ढुंगाले नेपालका मसिनीबालुवाका स्थानीय तीन घरमा क्षति पुगेको प्रहरीले बताएको छ ।



सडक ब्लास्टिङका क्रममा उछिटिएको ढुंगाले नेपालतर्फ महाकाली नगरपालिका-५ मसिनीबलुवाका स्थानीय नरभान दत्त बडूको ढुंगाले छाएको भान्सा घर, प्वाल परेको र गोठ चर्किएको छ । यस्तै हरकसिंह ठगुन्नाको पाटले छाएको घर र पानी धारोमा प्वाल परेको छ । सोही बस्तीका जगतसिंह ठगुन्नाको जस्तापाताको छाना र मेवाका रुखमा सामान्य क्षति पुगेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक जगत गाहा मगरले मध्यान्हलाई बताए । ब्लास्टिङले स्थानीयका खेतमा साना-ठूला ढुंगा छरिएका छन् । भारतीय पक्षले बिना सूचना ब्लास्टिङ गरेको बुझिएको छ । विस्फोट गराएको ठाउँबाट नेपालतर्फको बस्ती करिब दुई सय मिटरको दुरीमा रहेको प्रहरीले जनाएको छ ।

# बलान बिहुलमा आठौं गाउँ सभा सम्पन्न, प्रशासनिक भवन उद्घाटन

**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, ३० असार



सप्तरीको बलानबिहुल गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवनको समुद्घाटन तथा गाउँपालिकाको आ.व. २०८०/०८१ गाउँसभाको आठौं अधिवेशनको सार्वजनिकीकरण कार्यक्रम सम्पन्न भएको छ ।

बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि गाउँपालिकाकी उपाध्यक्ष रेणु यादव रहेकी थिइन् । गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्षले संयुक्तरुपमा सात कोठे प्रशासनिक भवनको पानसमा दिप प्रजोलन गर्दै रिवन काटेर समुद्घाटन गरे ।

दुई करोड ३८ लाख ५९ हजार रुपैयाँ लागतमा अन्सुम नायरा जेभी काठमाडौंले निर्माण गरेको सात कोठे एक तल्ले प्रशासनिक भवनको एउटा व्लक सम्पन्न भइसकेको छ । उक्त ठेक्काको ६० प्रतिशत काम भइसकेको र हालसम्म एक करोड २० लाख भुक्तानी भइसकेको छ । सम्झौता मिति २०७८ असार २३ गतेदेखि तीन वर्षमा थप सात कोठे अर्को एकतल्ले भवन पनि तयार गरेर हस्तान्तरण गरिसक्नुपर्ने गाउँपालिकाको इन्जिनियर अवधेश यादवले जानकारी दिए ।

भवनको समुद्घाटन गर्दै गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव र उपाध्यक्ष रेणु यादवले आफ्नै सुविधा सम्पन्न भवन भएपछि गाउँपालिकाको नागरिकलाई विगतभन्दा सहज र गुणस्तरीय सेवा प्रदान गर्न टेवा पुग्ने बताए ।

कार्यक्रममा विशिष्ट अतिथि वडा नं. २ का प्रत्यासी उम्मेद्वार अरुण कुमार गोइत, प्रमुख प्राशासकीय अधिकृत अमरेन्द्र कुसियैत, वडा नं १ का वडा अध्यक्ष रामकुमार यादव, वडा नं २ का अध्यक्ष इन्द्रदेव यादव, वडा नं ३ का अध्यक्ष राजकिशोर यादव, वडा नं ४ का अध्यक्ष लक्ष्मी नारायण झा, पूर्व जि.सि.अ. गंगाराम यादव, कार्यपालिका सदस्य सन्तोष कुमार साह, सन्जिव कुमार शर्मा, महिला सदस्यहरुलगायत पालिकाभरिका आम नागरिकको उल्लेखनीय सहभागिता रहेको थियो । जिवेन्द्र कुमार यादवले सञ्चालन गरेको कार्यक्रममा विभिन्न वक्ताहरुले राखेको सुझावलाई सहजरुपले सम्बोधन गर्दै गा.पा. अध्यक्ष यादवले कार्यक्रम सम्पन्न गरे ।

# पोखरी सौन्दर्यकरणको तटबन्ध वाल एक साता नबित्दै भत्कियो



**सर्लाही डायरी**
लक्ष्मण यादव/मध्यान्ह

सर्लाहीको चक्रघट्टा गाउँपालिका-८ स्थित औरहीमा निर्माण भइरहेको पोखरी सौन्दर्यकरण अन्तर्गतको तटबन्ध वाल एक साता नपुग्दै भत्किएको छ । मधेश प्रदेशका मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत चक्रघट्टा गाउँपालिका वडा नं.८ स्थित औरही गाउँको सार्वजनिक पोखरीमा केही दिनअघि निर्माण गरिएको तटबन्ध वाल भत्किएको हो ।

३५ लाख रुपैयाँको लागतमा भइरहेको पोखरी सौन्दर्यकरणको काम मापदण्ड विपरीत अत्यन्त कमसल निर्माण गरेर व्यापक भ्रष्टाचार भएको स्थानीयले आरोप लगाउँदै आएका छन् । सोही कारण तटबन्ध वाल भत्किएको स्थानीयले आरोप लगाएका छन् । योजना स्थलमा उक्त योजनाको सूचना बोर्डसमेत नरहेको स्थानीयको भनाइ छ । गाउँपालिका अध्यक्ष कृष्णकुमार यादवले प्रदेश मातहतको कार्यालयबाट सञ्चालित योजना रहेको हुँदा आफूलाई उक्त योजनाबारे जानकारी नरहेको बताए ।

त्यस्तै सर्लाहीको मलंगवा नगरपालिका वडा नं ७ मुसैलीको बडकी पोखरीमा सञ्चालित योजना ठेकेदारले अलपत्र छोडेर बेपत्ता भएको बताइएको छ । मुख्यमन्त्री स्वच्छता अभियान अन्तरगत मलंगवा-७ मुसैलीको बडकी पोखरी सौन्दर्यकरण गर्न लगाइएको ठेक्कामा ठेकेदार कम्पनीले काम सम्पन्न नै नगरी बेपत्ता भएको हो ।

मुसैलीको श्री बौधी देवी जनता मा.वि को अधिनमा रहेको पोखरी सौन्दर्यकरण गर्न प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले करिब ६ करोड १२ लाख ९३ हजार रुपैयाँमा एम.आर. आर जे. कमल जेभि जनकपुरलाई ठेक्का दिएको थियो ।

पोखरी सौन्दर्यकरण गर्न ठेकेदार कम्पनीले बनाएको पर्खाल एक महिना नबितदै भत्किएको थियो भने करिब १ वर्षदेखि ठेकेदार काम ठप्प गरी बेपत्ता भएका थिए ।

# बाढीले बगायो सीमा स्तम्भ

**बनियानी/मस**–झापाको गौरीगञ्ज गाउँपालिका-२ स्थित दशगजामा रहेको सीमा स्तम्भ बाढीले बगाएको छ । वर्षासँगै कमलखोलामा आएको बाढीले दशजगामा रहेको १४०/१५ नंको सीमा स्तम्भ (पिलर) बगाएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्रप्रसाद रिजालले जानकारी दिए । उक्त सीमा स्तम्भको खोजी कार्य भइरहेको उपरीक्षक रिजालले बताए । असार २६ गतेदेखि आएको अविरल वर्षाले जिल्लाका विभिन्न स्थान डुबान पर्नुका साथै सयौं घर विस्थापित भएका छन् । अविरल वर्षाका कारण दमक-४ ताराबारीस्थित मावा खोलामा बाढी आई खोला किनार रहेको खाली ऐलानी जग्गा कटान गरेको वडा कार्यालयले जनाएको छ ।

# हरिपुर्वाले अझै ल्याउन सकेन बजेट



असार अन्तिम सातासम्म पनि सर्लाहीको एक नगरपालिका बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न असफल भएको छ । जिल्लाको पुर्वी भेगमा रहेको हरिपुर्वा नगरपालिका बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न असफल भएको हो ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ को दफा २१ को उपदफा ३ मा 'गाउँ कार्यपालिका नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेस गर्नुपर्ने छ' भन्ने उल्लेख छ । तर सर्लाहीको हरिपुर्वा नगरपालिकाको भने बजेट कहिले आउने अन्योल छ ।

२० स्थानीय तह रहेको सर्लाहीमा अन्य १९ स्थानीय तहले बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । १९ स्थानीय तहमध्ये १८ ले निर्धारित मितिमै र हरिवन नगरपालिकाले केही दिन ढिला गरेर भए पनि बजेट सार्वजनिक गरिसकेको छ ।

फरक राजनीतिक दलबाट निर्वाचित जनप्रतिनिधिबीचको द्वन्द्वका कारण नगरपालिकाको नगर सभा निर्धारित समय गुज्रिएको २० दिन हुनलाग्दा पनि नगर सभा राखेर बजेट प्रस्तुत गर्न नसकिएको हो । गत वर्ष नगरपालिकाको भवन निर्माण गर्ने स्थान, प्रहरी चौकी निर्माण, कार्यालय सहयोगी भर्नाजस्ता विषयमा जनप्रतिनिधि र राजनीतिक दलबीच कुरा नमिल्दा तालाबन्दीको अवस्था आएपछि नगर सभा भएपनि विकासको काम अघि बढ्न सकेको थिएन । जनप्रतिनिधिबीचको टकराबले विकास निर्माणका काम ठप्प हुँदा हरिपुर्वा नगरपालिकाका स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/१७ मा दर्ता भएको **प्रा.लि. नं. २७०२३५** को **कुम्भ इन्जिनियरिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०३/३१**

**महादेव ईङ्गलिस बोर्डिङ्ग स्कुल कैलाली प्रा.लि. (Mahadev English Boarding School Kailali Pvt. Ltd.)** को मिति २०७८/०३/०९ गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सेती शिक्षा सदन कैलाली प्रा.लि. (Seti Shiksha Sadan Kailali Pvt. Ltd.) (प्रा.लि. नं.: १६०९४०)** कायम गर्ने गरी मिति २०७८/०३/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अनलाइन पत्रिका बन्द हुने सूचना

तेस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०३/३१

यस www.amgtimes.com नामक अनलाइन पत्रिका पछि, कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नहुन अनुरोध गर्दछौं ।

www.amgtimes.com परिवार

## UAE मा बैदेशिक रोजगारको अवसर

कम्पनी : THE VALET L.L.C. शहर: Dubai, UAE
पूर्व स्वीकृती मिति : २०८०/०३/२९ चलानी नं. ६०२०४५९९ LT No. 289253

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Parking Attendant | 50 | साधारण अंग्रेजी बोल्न सक्ने | 1100 | ३९,४२० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Revenue Controller | 10 | | 2000 | ७१,६८० | | | | | | | |
| ३. | Shift Supervisor | 50 | | 2000 | ७१,६८० | | | | | | | |
| ४. | Valet Driver | 150 | | 1400 | ५०,१७५ | | | | | | | |
| ५. | Concierge/ Doorman | 50 | | 1200 | ४३,००० | | | | | | | |
| ६. | Waiter | 25 | | 1100 | ३९,४२० | | | | | | | |
| ७. | Kitchen Helper | 25 | | 900 | ३२,२५५ | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | — | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**अन्तरवार्ता म्यानपावरको कार्यलय लाजिम्पाट, काठमाडौंमा २०८० साउन ७ गते (23 July, 2023) मा हुनेछ ।**

GSO Providing Opportunities
Grand Shikhar Overseas P. Ltd.
Lazimpat-2, Kathmandu, Nepal
Tel. 01-4516940 (6 Lines)
Govt. Lic. No. 756/064/65
www.grandshikhar.com

## हार्दिक बधाई तथा शुभकामना

धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभीई धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा सुरेश बहादुर बम ज्यु नियुक्त हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौ ।

कुमारी बैंक लिमिटेड / KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
Tangal, Kathmandu, Nepal
Phone: 01-4443077, 01-4443078, 01-4443079
Swift Code: KMBLNPKA
Email: marketing@kumaribank.com
Branch Office: Baglung Branch, Ph.: 068-522472/73

PRABHU BANK
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com
Branch Office: Attariya, Kailali, Ph.: 091-550932, 550037

NIC ASIA
Corporate Office
Trade Tower, Thapathali,Kathmandu
Tel : + 977-1-5111177/78/7
Fax: +977-1-5111180, SWIFT: NICENPKA
Branch Office: Baglung, Ph.: 068-522568/522569

Global IME Bank
सबैका लागि बैंक
Kamaladi, Kathmandu, Nepal
P.O. Box: 19327
Phone No: +977-1-4226247+977-1-4228671
Fax: +977-1-4228036
Email: info@gibl.com.np
Branch Office: Attariya, Kailali, Ph.: 091-550987

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
प्रधान कार्यालय:
Branch Office: Baglung, Ph.: 068-523011/523012

NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal.
Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np
Branch Office: Baglung, Ph.: 068-522767

Siddhartha Bank
Corporate Office: Hattisar, Kathamndu
P.O. Box: 13806, Tel: 4442919, 4442920, Fax: 4442921,
SWIFT-SIDDNPKA,Telex: 2757SBL NP, E-mail: sbl@siddharthabank.com
Website: www.siddharthabank.com
Branch Office: Baglung, Ph.: 068-522933/522934

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
P.O. Box: 4332, Lazimpat, Kathmandu, Nepal.
Tel: 977-1-4414799, 4416556, 4414803, 4435636
Fax: 977-1-4435633, Email: nlgilife@mail.com.np
Website:www.nationallife.com.np
Branch Office: Pokhara, Ph: 061-571801

synergytech SOFTWARE
Synergy Tech Software Pvt Ltd.
Pulchowk, Lalitpur.
Tel: 01-5526297, 5009087

OUR STRENTH OUR PRODUCTS DURABILITY
Royal
AN ISO: 9001:2015 CERTIFIED COMPANY
Royal Metal Industries Nepal Pvt. Ltd.
"Manufacturer of Vault & Vault Door"
Tikathali, Lalitpur

PRABHU Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३१ असार २०८०, आइतबार
16 July 2023, Sunday

## सम्पादकीय

# सीमा नाघेको लापरबाही

गत बिहीबार विद्युतीय व्यापार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक राष्ट्रियसभा बैठकमा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले पेश गरे । उक्त विधेयक गत १२ असारमै राष्ट्रियसभामा दर्ता भएको थियो । त्यसमाथि सैद्धान्तिक छलफल गरी पारित गर्ने कार्यसूची राष्ट्रियसभामा तय भएको थियो, जसअनुसार मन्त्री रिजालले विधेयक प्रस्तुत गरे । सभाका अध्यक्ष गणेशप्रसाद तिम्सिनाले छलफल खुला गरेपछि सांसदहरू भगवती न्यौपाने, तुलसाकुमारी दाहाल, बिमला घिमिरे र जितेन्द्रनारायण देवले भाग लिए । तर यी सांसदहरूले विद्युतीय व्यापार नभए विद्युत ब्यापारबारे छलफल गरे । प्रतिपक्षी बेञ्चमा रहेका न्यौपाने, दाहाल र घिमिरेले विद्युत ब्यापारबारे सरकारको नीतिको आलोचना गरे भने जितेन्द्रनारायणले बचाउमा बोले । छलफल सकिदा समेत कुन विधेयकमाथि छलफल भइरहेको छ भन्ने सांसदहरूले थाहा पाउन सकेको देखिएन ।

खुलेर ती सांसदहरूले विद्युत उत्पादन, भारतलाई बेच्ने निर्णयदेखि विद्युतको उपयोगमाथि चर्चा गरे । निर्णयार्थ प्रस्तुत गर्ने बेला मात्रै अध्यक्ष तिम्सिनाले विधेयक विद्युत ब्यापारी नभएर विद्युतीय ब्यापारबारे भएको स्मरण गराएका थिए । यसको अर्थ विधेयक एउटा र छलफल अर्को भयो । किनकि विद्युत ब्यापार र विद्युतीय ब्यापार फरक कुरा हो । त्यसदिन छलफल भएको विधेयक विद्युतीय माध्यमबाट हुने ब्यापारलाई नियमन गर्न बनेको विधेयक थियो । तर त्यो भेद छुट्याउन सांसदहरूले सकेन । त्यसैले एउटा विधेयकमाथि छलफल हुँदा विषयवस्तु अर्कै भयो । जुन अहिले आमवृत्तमा आलोचनाको विषय बनिरहेको छ ।

राष्ट्रियसभामै यति महत्वपूर्ण विषयसँग सम्बन्धित विधेयकको गलत व्याख्यासहित सांसदहरूले छलफल गर्नु पक्कै पनि आलोचनायोग्य नै हो । किनकि विद्युतीय ब्यापार अहिले आम मान्छेले सहजै बुझिरहेको र उपयोग गरिरहेको नयाँ माध्यम हो । अर्कातिर राष्ट्रियसभालाई विद्वानहरूको सभा मानिन्छ । राष्ट्रियसभा सदस्य बन्ने प्रक्रिया र यसका मतदाताले नै यो दिग्गजहरूको सभा रहेको प्रष्ट पार्छ । तर त्यही विधेयकको अन्तर्वस्तु समेत थाहा नपाइ गरिएको छलफलले राष्ट्रियसभाको गरिमा कायम हुन सकेन । त्यसको कारण भने राष्ट्रियसभामा आउने व्यक्तिहरूको योग्यतामाथि गम्भीर प्रश्न उठेको छ । विज्ञहरू नभइ दलका कार्यकर्ता राष्ट्रियसभामा आउने गरेको आरोपलाई समेत त्यसदिनको छलफलले पुष्टि गरेको छ । त्यसैले त्यसदिनको छलफल आगामी दिनलाई समेत सिकाइ बन्न सक्नुपर्छ ।

## तपाईंको राशिफल

मेष : शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्चको योग छ ।

वृष : स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ ।

मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ ।

कर्कट : आहारमा ध्यान दिनुहोला । पेटसम्बन्धी समस्याको योग छ ।

सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ ।

कन्या : पद र प्रतिष्ठामा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।

तुला : दाम्पत्य जीवनमा समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ ।

धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ ।

मकर : आयमा वृद्धि हुनेछ । राजनैतिक कार्यमा रुकावट आउनेछ ।

कुम्भ : पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

मीन : व्यर्थको यात्रा र परेशानी हुनेछ । साहसी कार्यमा सफलता मिल्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

दुई महिना सात दिन खानेपानी मन्त्रालयको नेतृत्व गर्दा सिंहदरबारभित्र जार र बोतलको पानी निषेध गरेर चर्चामा रहे, **अब्दुल खान** । उनी मन्त्रीबाट बाहिरिएसँगै उक्त निषेधाज्ञा भने "पानीको फोको" बन्न पुग्यो । अहिले फेरि उनै खान मन्त्री बन्ने चर्चा चुलिएको छ । पब्लिक हेल्थमा स्नातक उत्तीर्ण नेता खान २०६४ सालदेखि राजनीतिमा सक्रिय छन् । एनजीओ तथा आईएनजीओको जागिर छोडेर राजनीतितिर लागेका उनी ०६९ सालमै सिके राउतद्वारा स्थापित स्वतन्त्र मधेश गठबन्धनमा प्रवक्ताको जिम्मेवारीमा थिए । आज उक्त गठबन्धन पार्टीको स्वरुपमा छ । जनमत पार्टीको नाममा चिनिएको उक्त पार्टी आज संसदमा आठौं दल बनेको छ । खान संसदको आठौं शक्तिको रुपमा रहेको जनमत पार्टीको उपाध्यक्षको जिम्मेवारीमा छन् । सरकारभित्र नरहेको तर, समर्थन गरिरहेको जनमत पुन: सरकारमा सहभागि हुने तयारीमा छ । प्रधानमन्त्री पुष्पकमल दाहालले जनमतलाई महत्वपूर्ण मन्त्रालयसहित सरकारमा सहभागि गराउने तयारी गरिरहेका छन् । सरकारमा जाने तयारीमा भइरहेको सन्दर्भमा जनमतका उपाध्यक्ष खानसँग मध्यान्ह राष्ट्रिय दैनिकका **मेवालाल यादव**ले केही जिज्ञासा राखेका छन् । खानसँग गरिएको कुराकानीको सम्पादित अंश :



# 'सिंहदरबारभित्र निजीका जार र बोतल निषेध गराएँ तर पछि उस्तै भयो'

**अब्दुल खान**, पूर्वखानेपानीमन्त्री एवम् उपाध्यक्ष, जनमत पार्टी

**जनमत पार्टी पनि सत्ता केन्द्रित राजनीतिमा लाग्यो, अरू दलभन्दा खासै फरक भएन भनिँदै छ । कुरा के हो ?**

जनताका लागि काम गर्न सरकारमा जानैपर्छ । प्रतिपक्षी बेञ्चमा बसिसकेपछि सदनमा आफ्नो कुरा चर्कोसँग राख्ने मात्रै हो । विकास निर्माणका काम सत्ताभन्दा बाहिर बसेर गर्नै सकिन्न । सत्ताको भोग गर्नका लागि होइन, जनताकै काम गर्नकै लागि सरकारमा जानु आवश्यक देखिन्छ । आम नेता तथा कार्यकर्ताको सुझाबअनुसार नै हामीले पनि त्यो सोच बनाएको हो ।

**खानेपानीमन्त्रीबाट किन बाहिरिनुभयो, अनि अहिले फेरि किन सत्तामा जान खोज्नुभएको ? यो सत्ताकेन्द्रित राजनीति भएन र ?**

सत्ताकेन्द्रित राजनीति गरेको भए कसैले एक घण्टामा राजीनामा दिन्थ्यो ? कतिपय दल र नेता मन्त्री खानकै लागि लाइन लागेका हुन्छन् । हामी त्यसरी लाइन लागेका छैनौ । हाम्रा केही विषय थिए, जुन आज पनि छन्, हामी सत्ता गठबन्धन र प्रधानमन्त्रीसँग स्पष्ट कुरा राखेर मात्रै अगाडि बढ्छौं । हामी सत्तामुखी भएर सरकारमा जाने सोचमा पुगेका होइनौ ।

**मधेश प्रदेशको मुख्यमन्त्रीमा तपाईंहरूकै दाबी थियो, जसपालाई किन छाड्नुभएको ?**

जनमत र जसपाबीच त्यहाँका मुख्यमन्त्री आलोपालो गर्ने सहमति भएको हो । त्यहीअनुसार जसपाबाट सरोजकुमार यादव मुख्यमन्त्री हुनुहुन्छ । त्यहाँ एक जना मन्त्री र दुई जना बिना विभागीयसहित हाम्रो सहभागिता कायमै छ । अंकगणित सहमतिबाटै जानुपर्ने खालको भएपछि हामी सोहीअनुसार सहमतिमा सरकार गठन गरेका हौं । यसमा अन्यथा बुझ्न आवश्यक छैन ।

**संसदीय अभ्यास गर्न थाल्नुभएको छ महिना बित्यो । कसरी चलेको रहेछ, हाम्रो संसद ?**

जुन हिसाबले चल्नुपर्न, नियम कानुन पास हुनुपर्ने र जनताको काम कारबाही अगाडि बढाउनुपर्ने हो सोअनुसार केही पनि भइरहेको छैन । सदनमा धेरै कुरा उठ्छन् तर सरकार आफ्नै हिसाबले चलाउन खोज्दा तालमेल मिल्दैन । त्यही लय नमिल्दा बजेटमा तटस्थ बसियो । संसदको मर्यादा, गरिमा, सार्वभौम हुनुपर्ने कुरामा धेरै कमी कमजोरी देखिन्छन् । त्यसलाई सच्याउँदै लैजानुपर्छ । संसद जनताको एजेण्डामाथि बहस गर्ने थलोको रुपमा विकास हुनुपर्छ । जुन बनाउन हामी प्रयत्नरत छौं ।

**तपाईंले सदन र सरकारमा थुप्रै समस्या भएको औंल्याउनुभयो । सदन र सरकार दुवै ठाउँमा प्रतिनिधित्व भइरहेको सन्दर्भमा तपाईंहरुको भूमिका के हुन्छ ?**

जनतालाई केन्द्रबिन्दुमा राखेर, काम गर्नका निम्ति सरकार, सदन र सडक जहाँ आवश्यक हुन्छ, त्यहाँ हाम्रो पार्टी उभिन तयार छ । संसदमा हाम्रो संख्या सानो भएपनि जनताको एजेण्डालाई स्थापित गराउने सन्दर्भमा भूमिका खेल्छौं । अहिले पनि हाम्रो भूमिका अन्य तथा परम्परागत शक्तिको भन्दा फरक देख्नुहुन्छ । सरकारमा काम गर्ने सबालमा पनि हाम्रो शैली फरक छ । खानेपानी मन्त्रीको रुपमा मैंले गरेको कार्यसम्पादनलाई हेर्नुभयो भने पनि केही भिन्न पाउनुहुन्छ । त्यसकारण हाम्रो शक्तिअनुसार हामी काम गर्छौं । जनताको पक्षमा भूमिका खेल्छौं ।

> *सिंहदरबारमा निजी कम्पनीका बोतल र जारको पानी बेच्न बन्देज लगाएर सरकारी निकाय केयुकेएलमार्फत नै सरकारी धारा, ट्यांकर र जारको पानी पिउनुपर्ने व्यवस्था गरिएको थियो । सिंहदरबारभित्रै चार/पाँच वटा पब्लिक धारा पनि जडान भएका थिए । तर म मन्त्रीबाट हटेको केही समयपछि नै ती धारा बिग्रिएको छ, अहिले पानी नै आउँदैन ।*

**तपाईंले दुई महिना खानेपानी मन्त्रालयको नेतृत्व सम्हाल्नुभयो । मन्त्रालयको नेतृत्व सम्हाल्दै गर्दा, के–के काम गर्नुभयो ? कस्तो अनुभूति रह्यो ?**

मैले खानेपानी मन्त्रालयको जिम्मेवारी सम्हाल्दा राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचन, विश्वासको मतदेखि अनेकन बाधा अड्चन थिए । त्यो समयमा न त सरकारले रकमान्तर गर्दथ्यो न त पूरक बजेट नै दिएको थियो । जसको कारण सोचेअनुसार, चाहना भएबमोजिम काम गर्न पाइएन । यद्यपि, सर्वसाधारणका लागि खानेपानीको धारा जडानदेखि मेलम्चीको सुधार, विभिन्न ठाउँमा कल वितरणदेखि योजनाको निरीक्षण, डिपिआर निर्माणलगायत काम शुरु भएको थियो । हामी नयाँ दल, ६७ दिनको समय त कुरा बुझ्दैमा जाने रहेछ । त्यस्तो प्रतिकूल समयमा समेत सबै नेपालीलाई जार र बोतलको पानी किन्नुपर्ने अवस्थाबाट मुक्त गरी सार्वजनिक धाराको पानी खुवाउने घोषणाअनुसार काम शुरु भयो । त्यसको शुरुवात मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारबाटै गर्न खोजियो । त्यसपछि विभिन्न सार्वजनिक स्थल, शौचालय, विमानस्थल, बसपार्क र अस्पताललगायत स्थानमा सार्वजनिक धारा राख्ने योजना थियो ।

**सिंहदरबारमा मात्र दैनिक छ लाख २० हजार रूपैयाँको जार र बोतलको पानी खपत हुने गरेको एउटा तथ्यांक सार्वजनिक भएको छ । तपाईं मन्त्री हुँदा जारको पानी निषेध गर्नुभएको थियो, तर मन्त्रीबाट हटेलगत्तै निर्णय उल्टियो । कस्तो लाग्दै छ ?**

हामीकहाँ केयुकेएल, नेपाल खानेपानी संस्थान, मेलम्चीलगायत सरकारी संस्था छन् तर, सिंहदरबारमा दैनिक चार हजार कार्टुन बोतल र चार हजार जार पानी खपत हुने रहेछ । यो पानी नेपाल बोतल वाटर खानेपानी संघअन्तर्गतका उद्योगले उपलब्ध गराउँदै आएका थिए । यसका निम्ति मासिक झण्डै दुई करोड खर्च हुन्छ । यस्तो भएपछि सिंहदरबारमा निजी कम्पनीका बोतल र जारको पानी बेच्न बन्देज लगाएर सरकारी निकाय केयुकेएलमार्फत नै सरकारी धारा, ट्यांकर र जारको पानी पिउनुपर्ने व्यवस्था गरिएको थियो । मन्त्री, प्रधानमन्त्री सबैलाई कन्भिन्स गरेर, सिंहदरबारभित्र सरकारको पानी खाऔँ भन्ने आग्रह गरेँ । मन्त्रालयमा सुधार भयो । सिंहदरबारमा पानी पनि आयो । सिंहदरबारभित्रै चार/पाँच वटा पब्लिक धारा जडान भए । तर, म मन्त्रीबाट हटेको केही समयपछि नै ती धारा बिग्रिएको छ, अहिले पानी नै आउँदैन ।

साह्रै पीडा लागेर अहिलेका खानेपानी मन्त्री महेन्द्र यादवसँग कुरा राखेँ । तर, उहाँहरूले भन्नुभयो, "कसैले टेर्दैन, मैले के गर्ने ?" एउटा मन्त्रीले थालेको सुधारको कामलाई अर्को मन्त्रीले निरन्तरता दिन नसक्ने, बीचमै तुहाइदिनुभएपछि कसरी हुन्छ देशको विकास ?

> *गत वर्षको बाढीले मेलम्चीमा ठूलो क्षति गऱ्यो, ड्याम पुरियो र भत्कियो । त्यहाँबाट पर्याप्त पानी ल्याउन अहिले सम्भव छैन । तत्काल अस्थायी ड्याम बनाउन जरुरी छ । त्यहाँ सानो ड्याम बनाउन कम्तीमा तीनदेखि चार महिना लाग्छ । सुरुङको क्षमता ५१ हजार लिटर छ, त्यसमा यांग्री र लार्केलाई जोड्न डेढदेखि दुई वर्ष लाग्छ । यो वर्ष त्यसको डिपिआर हुन्छ कि !*

**उपत्यकामा खानेपानीको सन्दर्भमा कुरा गर्दा, मेलम्ची आयोजनाको विषय जोडिन्छ । मन्त्रीको रुपमा रहँदा मेलम्ची खानेपानी परियोजनालाई कसरी बुझ्नुभयो ? परियोजनाको अवस्था के छ ?**

प्राकृतिक विपत्तिका अगाडि हाम्रो के जोर चल्छ र ? गत वर्षको बाढीले मेलम्चीमा ठूलो क्षति गऱ्यो, ड्याम पुरियो र भत्कियो । त्यहाँबाट पर्याप्त पानी ल्याउन अहिले सम्भव छैन । तत्काल अस्थायी ड्याम बनाउन जरुरी छ । त्यहाँ सानो ड्याम बनाउन कम्तीमा तीनदेखि चार महिना लाग्छ । सुरुङको क्षमता ५१ हजार लिटर छ, त्यसमा यांग्री र लार्केलाई जोड्न डेढदेखि दुई वर्ष लाग्छ । यो वर्ष त्यसको डिपिआर हुन्छ कि ! समग्र सरकार र मन्त्रालय दुवैले यसलाई महत्वका साथ हेरिनुपर्छ । उपत्यकाको खानेपानीको समस्या निवारणमा यसले ठूलो मद्दत गर्छ ।

# विप्लवले देखाएको समाजवादको बाटो

विचार



● विष्णु पन्त

> *पछिल्लो समय सामूहिकता र संस्थागत भावनाको अभाव देखिन्छ । विस्तारै हाम्रा ऐँचोपैँचो र सामूहिक मेला, पर्वजस्ता ऐतिहासिक विशेषताहरु पनि हराउन थालेका छन् । आजको मान्छे चरम व्यक्तिवादी, स्वार्थी र असामाजिक बन्दैछ । तर यस्तो परिस्थितिका बीच समाजवादको बाटो देखाउने गरी विप्लवले सामूहिकताको अभ्यास सुरु गरेका छन् । उनले हराउँदै गएको कम्युनको शैलीलाई बढाएका छन् ।*

विकसित परिस्थितिको प्रभाव, पछिल्लो समय सामूहिकता र संस्थागत भावनाको अभाव देखिन्छ । विस्तारै हाम्रा ऐँचोपैँचो र सामूहिक मेला, पर्व जस्ता ऐतिहासिक विशेषताहरु पनि हराउन थालेका छन् । आजको मान्छे चरम व्यक्तिवादी, स्वार्थी र असामाजिक बन्दैछ । असामाजिक बन्नु भनेको अमानवीय बन्नु पनि हो र अमानवीय बन्नु भनेको अपराधी बन्नु पनि हो । नेपाली राजनीतिमा समाजवादको व्याख्या र बहस निकै उचाइबाट हुने गर्दछ तर, जीवन व्यवहारमा त्यसको उल्टो अभ्यास हुने गरेको छ । विचार व्यवहारमा जब असामन्जयता हुन्छ, तब विचारको मृत्यु हुन्छ । आजको मुख्य समस्या नै यही हो । आज माओवादी माओवादी जस्तो छैन, एमाले एमाले जस्तो छैन र कांग्रेस कांग्रेस जस्तो छैन । विचार, सिद्धान्त र आदर्श एकातर्फ छ । विश्वसनीयता, पहिचान र सौन्दर्यहरुको विघटन गरिएको छ । आजको समय वास्तवमा वैचारिक अराजकताको समय बनेको छ ।

परामपरागत नेपाली कांग्रेस र एमालेका केही सौन्दर्यहरु थिए तर ती हराएका छन् । कांग्रेस र एमालेविरुद्ध विद्रोह गरेको माओवादी झन् सबैभन्दा कुरुप बनेको छ । जनतामा पुराना दल र नेताहरुप्रति यतिविघ्न घृणा छ कि म फलानो पार्टीको भनेर परिचय दिने अवस्था छैन । नेता, कर्मचारी र व्यापारीलाई 'लुटेरा'को उपाधि मिलेको छ ।

यस्तो संकटको अवस्थामा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले एउटा अभियान चलाएको छ : सामूहिक र संस्थागत उत्पादन अभियान । उसले नारा लगाएको छ : आत्मनिर्भर पार्टी, आत्मनिर्भर राष्ट्र र आत्मनिर्भर अर्थतन्त्र । विश्वव्यापी आर्थिक संकट र नेपालको आर्थिक मन्दीको यो अवस्थामा सामूहिक उत्पादन अभियानको महत्व दिर्घकालीन र दुरदर्शी हुनसक्छ । जब-जब विश्वमा वा समाजमा ठूला-ठूला आर्थिक संकटहरु आउँछन्, तब-तब कयौं क्षेत्रहरु मूल्यहीन हुन सक्छन् । उदाहरणका लागि रोजगारीहरु गुम्न सक्छन्, जग्गा, जमीन र शेयरहरु मूल्यहिन हुन् सक्छन् र पैसाहरु समेत नचल्न सक्छन् । जति ठूला संकटहरुमा पनि मान्छे बाँच्नका लागि खाना चाहिन्छ । भनिन्छ नी गाँस, बास र कपास मान्छेका न्युनतम आवश्यकताहरु हुन् । आज युक्रेनको युद्ध नेटो युद्धमा परिणत भएको छ र त्यो युद्ध छिट्टै टुंगिने अवस्थामा छैन । अर्कोतर्फ, विश्वयुद्ध हुने भविष्यवाणी र अड्कलबाजीहरुको बीच हामी उभिएका छौं । यस्तो विषम परिस्थितीमा विप्लवले एउटा दीर्घकालीन रणनीतिक महत्वको अभियान चलाएका छन्, त्यो हो सामूहिक उत्पादन, आत्मनिर्भर राष्ट्र । सायद, नेपालमा संस्थागत उत्पादन अभियान चलाउने पहिलो पार्टी नै विप्लव नेतृत्वको नेकपा हो । सामूहिक उत्पादनको अभियान चलाउने नेता हुन् विप्लव । परिस्थितिले माग गरेको छ : आत्मनिर्भर अर्थतन्त्रको विकास गर !

पछिल्लो राजनीतिक उतारचढावकाबिचबाट नेपाली राजनीतिमा समाजवादी मोर्चाको बहस पनि चलेको छ । मोर्चा बनाउन सजिलो छ तर समाजवादी दृष्णिकोणको विकास गर्न चुनौतिपूर्ण छ । कम्युनिष्ट पार्टी, वाम गठबन्धन वा प्रगतिशील समूह बनाउन सजिलो छ तर, व्यवहार परिवर्तन गर्न गाह्रो छ । एमाले अध्यक्ष केपी ओलीले एक ठाउँमा भनेका छन्- मलाई कम्युनिष्ट पार्टीको झण्डा ओड्ने रहर छैन । स्पष्टै छ, ओली, माधव नेपाल र पुष्पकमल दाहाल प्रचण्डभित्र कम्युनिष्ट हुनुमा गर्व छैन । उनीहरुमा पुरानो दागलाई सफाइ गरेर हटाउन पाए हुन्थ्यो भन्ने अनुभूति छ । उनीहरुलाई आफ्नो इतिहासप्रति कुनै गर्व छैन । अब आफू र आफ्नो इतिहासप्रति नै माया र सम्मान हुँदैन तब यात वितृष्णा यात अपराध बाँकी रहन्छ । यस्तो संकट, अविश्वास र अराजक परिस्थितिमा विप्लवले समाजवादको भ्रूण वा बिउको संरक्षण र विस्तार गर्ने अभियान चलाएका छन् ।

एकातर्फ, माओवादी हुँ भन्न लाज लाग्ने अवस्था छ र अर्कोतर्फ राष्ट्रवादी हुँ भन्न ग्लानी हुने अवस्था छ । पुराना नेताहरुका कारण उत्पन्न यो अवस्थालाई आशामा बदल्न निकै गाह्रो छ । समाज र राज्यमा भएको भ्रष्टीकरणको प्रभाव पार्टीमा नपर्ने कुरै भएन । सर्वत्र जसले चन्दा उठायो उ नै नेता बन्ने खतरा रहन्छ । चन्दा नउठाउने वा इमान्दारहरु सर्वत्र अस्तित्वको संकटमा पर्ने खतरा छ । यस्तो अवस्थामा हाम्रा हैन, राम्रा भन्ने अभियान चाहिन्छ । कमरेडी सम्बन्धको विकास गर्न के पार्टीले सक्ला ? जति छ, बाँडेर खाने संस्कृतिको विकास हुन सक्ला त ?

त्यसकारण चिन्ताको विषय के विप्लवको समाजवादी अभियान सफल होला ? वास्तवमा जसरी पनि यो अभियान सफल हुनुपर्दछ । सामूहिकता नै मानवीय अग्र चेतना हो । स्वयम् पुँजीवादीहरु पनि भन्छन् कि आफ्ना लागि त जो पनि बाँच्न सक्छ । अरुका लागि वा देश, समाज, पृथ्वी, ब्रमाण्ड वा मानव जातिमा लागि बाँच्नु त महान काम हो । विप्लवको यो अभियान हेर्दा सामान्य भएपनि यसको यात्रा निकै दिर्घकालीन छ । मार्क्सले भनेकै कुरा हो -आजसम्का दार्शनिकहरुले संसारको व्याख्या मात्र गरे तर व्यवहारमा उल्टो गरे । त्यसकारण सामूहिक उत्पादनको अभियानले समाजवादी दर्शनको वकालत गरेको छ । यो अभियान रोकिएन र बढ्दै गयो भने एकदिन यो नेपालको पहिचान, सभ्यता र सम्पत्ती बन्नेछ । नेपालमा उत्पादन अभियानबाटै समाजवाद आउनेछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# दक्षिण कोरियामा भारी वर्षा र बाढी २२ जनाको मृत्यु



**काठमाडौं /एजेन्सी–** दक्षिण कोरियामा भारी वर्षाका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा २२ जनाको मृत्यु हुनुका साथै १४ जना बेपत्ता भएको अधिकारीहरूले शनिबार जानकारी दिएका छन् । दक्षिण कोरिया आफ्नो ग्रीष्मकालीन मनसुनको मौसमको चरमोत्कर्षमा छ र विगत तीन दिनदेखि भारी वर्षा भइरहेको छ । बर्षाका कारण व्यापक बाढी र पहिरो निम्त्याएको छ । भारी बर्षाका कारण यहाँको एक प्रमुख बाँधको माथिल्लो भागमा पानीको सतह चढेको छ ।

गृह मन्त्रालयले दिएको जानकारीअनुसार भारी वर्षाका कारण २२ जनाको मृत्यु भएको छ भने अन्य १४ जना हराइरहेका छन् । बाढीका कारण मृत्यु हुने १६ जना र बेपत्ता नौ जनासहित अधिकांश उत्तरी ग्योङसाङ प्रान्तका बासिन्दा रहेका छन् ।

यहाँ मुख्य कारण पहाडी क्षेत्रमा आएको ठूलो पहिरोका कारण घरभित्र रहेका मानिसहरू पुरिएका छन् । योन्हाप समाचार संस्थालाई एक आपतकालीन उद्धारकर्ताले बताएअनुसार अति प्रभावित क्षेत्रमा घरहरू सग्लै बगेका थिए ।

गोसान बाँधमा पानीको बहाव बढ्न थालेपछि गोसान काउन्टीका छ हजार चार सयभन्दा बढी बासिन्दालाई शनिबार बिहानै खाली गर्न आदेश दिइएको गृह मन्त्रालयले जनाएको छ । उत्तरी ग्योङसाङ प्रान्तमा वर्षा र बाढीका कारण बेपत्ता भएकामध्ये अधिकांशलाई नदीले बगाएको मन्त्रालयले जनाएको छ ।

# सहमतिमा आउन भारतलाई चीनको आग्रह



**काठमाडौं /एजेन्सी–** चीनका एक जना वरिष्ठ कूटनीतिज्ञले भारतलाई सीमा विवाद समाधानका निम्ति सहमतिमा आउन आह्वान गरेका छन् । दक्षिणपूर्वी एसियाली मुलुकहरूको संगठन (आसियान) का विदेशमन्त्रीहरूको बैठकको सिलसिलामा जकार्तामा रहेका चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको विदेश मामिला आयोगको कार्यालयका निर्देशक वाङ यीले भारतका विदेशमन्त्री सुब्रमण्यम जयशंकरसँग शुक्रबार भएको भेटमा साझा हितमा ध्यान केन्द्रित गर्न आह्वान गरेका हुन् । एसियाको सबैभन्दा धेरै जनसंख्या भएका छिमेकीबीचको सीमा तनावलाई कम गर्न वरिष्ठ कूटनीतिज्ञ वाङले सहमतिमा आउन भारतलाई आग्रह गर्नुभएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ । वरीयतामा चिनियाँ विदेशमन्त्रीभन्दा माथि रहेका चीनका उच्च कूटनीतिज्ञ वाङले दुई पक्षले एकअर्कालाई शंका गर्नुको सट्टा एक अर्कालाई समर्थन गर्नुपर्नेमा जोड दिएका थिए । चीन र भारतको साझा हित आपसी मतभिन्नता भन्दा अधिक रहेकाले सहमतिमा आउन भारतलाई आह्वान नेता वाङले आग्रह गर्नुभएको चिनियाँ विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ ।

भारत र चीनबीचको सम्बन्ध हालैका महिनामा सीमानालाई लिएर बिग्रिएको छ । भिसा विवादमा दुई पक्षले एकअर्काका लगभग सबै पत्रकारहरूलाई निष्कासन गरेका छन् । भारत र उसको उत्तरी भाग लद्दाख क्षेत्रको सीमांकन स्पष्ट नहुँदा सैन्य झडप र अवरोध हुँदै आएको छ । दुवै देश 'सकेसम्म चाँडो' सीमा विवाद सैन्य कमाण्डर तहको अर्को चरणको वार्ता गर्न सहमत भएका मन्त्रालयको विज्ञप्तिमा भनिएको छ । बेइजिङले भारतको अरुणाचल प्रदेशलाई पनि तिब्बतको भूभाग भएको दाबी गर्दै आएको छभने कश्मीरलाई विवादित क्षेत्र मानेको छ । दुवै मुलुकबीचको चिसो सम्बन्धका बाबजुद चीन भारतको दोस्रो ठूलो व्यापार साझेदार हो ।

# दिगो विकासमा सहयोग बढाउन भारत र फ्रान्स सहमत



**काठमाडौं /एजेन्सी–** भारत र फ्रान्स रणनीतिक क्षेत्रका साथै दिगो विकासमा सहयोग बढाउनसहमत भएका छन् । दुवै देशले अन्तरिक्ष र विज्ञानका क्षेत्रमा पनि संस्थागत स्तरमा सहयोग बढाउन सहमति जनाएका छन् ।

फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा शुक्रबार सम्पन्न प्रधानमन्त्री नरेन्द्र मोदीको दुईदिने पेरिस भ्रमणका क्रममा दुई देशबीच विभिन्न सम्झौता भएका छन् । रणनीतिक सहयोगको क्षेत्रमा इन्डियन आयल कर्पोरेशन लिमिटेड र टोटल इनर्जी ग्यास एण्ड पावर लिमिटेड (टोटल एनर्जी) बीच दीर्घकालीन तरल प्राकृतिक ग्यास (एलएनजी) बिक्री र खरिद सम्झौता (एसपीए) स्थापनाको सम्झौता भएको छ । वैज्ञानिक सहयोगको क्षेत्रमा नेशनल इन्स्टिच्युट अफ ओशन टेक्नोलोजी, पृथ्वी विज्ञान मन्त्रालय चेन्नइ र इन्स्टिच्युट फ्रान्सिस डे रिसर्च पोर ले एक्सप्लोरेसन डे ला मेरबीच वैज्ञानिक एवम् प्राविधिक विशेषज्ञताको आदानप्रदानसहितका सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्तारक्षर भएको छ ।

त्यसैगरी स्वास्थ्य र औषधिको क्षेत्रमा सहयोगको लागि आशय पत्र जारी गरिएको छभने सहयोगका क्षेत्रहरूमा डिजिटल स्वास्थ्य, स्वास्थ्य सेवाका लागि 'एआई', चिकित्सा फोहोर प्रशोधन प्रविधि, बायोटेक्नोलोजी, एन्टिमाइक्रोबियल प्रतिरोधविरुद्ध लड्न चिकित्सकहरूको आदानप्रदान र प्रशिक्षणललायत विषय त्यसमा समावेश गरिएको छ । अन्तरिक्ष विज्ञानमा सहयोग अभिवृद्धि, डिजिटल प्रविधिको क्षेत्रमा संस्थागत सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमाका साथै नागरिक उड्डयनको क्षेत्रमा प्राविधिक सहयोग गर्नेसम्बन्धी एमओयुमा पनि हस्ताक्षर भएको छ । यसैबीच प्रधानमन्त्री मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँबीच शुक्रबार भएको भेटवार्तामा भारत र फ्रान्सबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउने सहमति भएको छ । साझा मूल्य, सार्वभौमसत्ता र रणनीतिक स्वायत्ततामा विश्वासमा आधारित दुई देशबीचको सम्बन्ध अन्तरराष्ट्रिय कानून र संयुक्त राष्ट्रसङ्घको बडापत्रप्रति अटल प्रतिबद्धता, बहुपक्षवादमा अटल विश्वास र स्थिर बहुध्रुवीय विश्वको साझा खोजलाई दुवै नेताले जोड दिएका थिए ।

दुवै नेताले रणनीतिक साझेदारीका विगत २५ वर्षमा भएका द्विपक्षीय सहयोगका हरेक क्षेत्रमा भएको रूपान्तरण र विस्तारको समीक्षा गरेका थिए ।

# 'नेटो विश्वव्यापी सुरक्षाका निम्ति होइन'




काठमाडौं /एजेन्सी- नारीवादी संगठन कोड पिंकले उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) विश्वव्यापी सुरक्षाको लागि नभएको आरोप लगाएको छ । नेटो अमेरिकी साम्राज्यको तर्फबाट युद्धलाई उत्प्रेरित गर्ने संस्था भएको एक ब्लग पोस्टमा उसले उल्लेख गरेको छ । इतिहासको यो नाजुक क्षणमा नेटोले विश्वलाई अझ ठूलो सैन्यीकरण तर्फ धकेलेको, पृथ्वीको भविष्य र पारिस्थितिकीय प्रणालीलाई ध्वस्त पारेको, डढेलो र बाढीले बढाएको जलवायु संकटको जोखिम घटाउनुको सट्टा हातहतियारमा गरिएको लगानीले नेटोको कार्यक्षेत्र विश्वशाान्ति एवम् समृद्धि नभएर फगत युद्ध भएको टिप्पणी गरिएको छ ।

नेटोले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को स्वीकृति बिना सन् १९९९ मा युगोस्लाभियामा आक्रमण गरेको, अफगानिस्तानमा २० वर्षको युद्ध छेडेर त्यहाँ तहसनहस पारेको र सन् २०११ मा अवैध रूपमा लिबियाको सरकारलाई ध्वस्त पारेको ब्लगमा लेखिएको छ ।

रूससँगको वर्तमान युद्धको अतिरिक्त नेटोले चीनको सामना गर्न दक्षिण कोरिया, जापान, अष्ट्रेलिया र न्युजील्याण्डसँग उत्तेजक एशिया-प्रशान्त सैन्य गठबन्धन निर्माण गरेको तथा राष्ट्रसंघीय बडापत्र विपरीत आणविक हतियारको प्रवर्द्धनलाई भित्रभित्रै प्रोत्साहन गरेको आरोप ब्लगमा लगाइएको छ ।


## यूएईमा रोजगारको अवसर
कम्पनी: NEW HIMALAYAN ELECTRONICS TRADING LLC
शहर: DUBAI

पुर्व स्वीकृत मितिः २०७९/०३/२९ चलानी नं.: ६०२०४६३६ L.T. No.:289230

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filling Clerk | 0 | 10 | | 1200 | ४२,८५२ | | | | | | | |
| 3. | Messenger | 0 | 10 | | 1200 | ४२,८५२ | | | | | | | |
| 4. | Stall And Market Saleperson | 0 | 10 | | 1200 | ४२,८५२ | | | | | | | |

## साउदीमा रोजगारको अवसर
कम्पनी: HASSAD NAJD FOODSTUFF COMPANY
शहर: Saudi Arabia, Riyadh

पुर्व स्वीकृत मितिः २०७९/०३/२९ चलानी नं.: ६०२०४६२२ L.T. No.:289277

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelving Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1061/073/74
Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 9823461212, 9841117592, 9822506451
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## मलेसियामा रोजगार ।
कम्पनी : RESTAURANT SRI GRAND CITY (M) SDN BHD
शहर: MALAYSIA, Selangor

पूर्व स्वीकृत मितिः २०८०/०३/२९ चलानी नं. ६०२०४६३९ LT. No:289344

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Yacca याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.
श्रम इजाजत नं. १७८/०५७/०५८
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, नेपाल, फ्याक्सः ४४३२६६६
फोनः ४४३२१११, ९८०१०३७७६९, ९८०१०३७७५६, ९८०१०३७७६७

## यूएईको सुपरमार्केटमा रोजगारको अवसर
कम्पनी : FINE FARE FOOD MARKET LLC शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३२७३ LT. No.: 267374 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 20 | 14 | स. काममा दक्ष | 2000 | ७१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : SPINNEYS DUBAI LLC शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३२७२ LT. No.: 267373 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 20 | 12 | स. काममा दक्ष | 2000 | ७१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन ७ देखि १० गतेसम्म (23 to 26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ ।
COOK, BARISTA, BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351

## कतारमा रोजगारको अवसर
कम्पनी: BHARATH RESTAURANT
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७९/१२/२३ चलानी नं.: ६०१९९६९० LT. No.: 268560 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaner | 1 | 0 | | 1000 | ३५९४० | | | | | | | |
| 3. | Juice Maker | 1 | 0 | | 1500 | ५३५१० | | | | | | | |
| 4. | Labour | 2 | 0 | | 1000 | ३५९४० | | | | | | | |
| 5. | Sweets Maker | 1 | 0 | | 1500 | ५३५१० | | | | | | | |
| 6. | Waiter | 5 | 0 | | 1400 | ५०३१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

C.D. Human Resources Pvt. Ltd.
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263
Mob.: 984238673, 9801081253, 9801081255, 9801081247, 9801081252
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## UAE मा रोजगार |
कम्पनी : ACCURO CATERING SERVICES LLC
शहर : DUBAI

पुर्व स्वीकृत मितिः २०८०/०३/२८ चलानी नं.: ६०२०४६४३ LT. No.: 289226

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dish Washer | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreign Food Cook | 25 | 0 | | 1200 | ४२,८५२ | | | | | | | |
| 3. | Kitchen Helper | 25 | 0 | | 1000 | ३५,७१० | | | | | | | |
| 4. | Waiter | 30 | 50 | | 1200 | ४२,८५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com

## मलेसियामा रोजगार |
कम्पनी : MAGUNUM SECURITY SDN BHD
शहर: KUALA LUMPUR

पुर्व स्वीकृत मितिः २०८०/०३/२० चलानी नं.: ६०२०४६०४ L.T. No.: 288818

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Fair Connect Resource Pvt. Ltd.
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-3, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

## UAE मा रोजगारको अवसर
१. कम्पनी: BARARI NATURAL RESOURCES
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1 शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोनः ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०, ९८१३५१६३२२, ९८१३५१६३२२
Email: futurestarmp397@gmail.com

## बक्स अफिस समाचार



# 'कलाकारको हकहितका लागि सरकार प्रतिबद्ध हुन जरुरी'

**दुई दशकदेखि नेपाली सांगीतिक क्षेत्रमा निरन्तर सक्रिय रही झण्डै दुई सय गीतमा स्वर भरेकी लोकप्रिय गायिका काव्य आचार्य कोपला ९, भगलापुर कपिलवस्तुकी स्थानीय बासिन्दा हुन्। कपिलवस्तु क्याम्पसबाट इन्टर पास गरेलगतै २०६२ सालमा काठमाडौं प्रवेश गरेकी आचार्यले महेन्द्र क्याम्पस ताहाचलबाट बीएड र त्रिभुवन युनिभर्सिटीबाट नेपाली विषयमा मास्टर गरेकी छन्। विगतमा 'अतीत' र 'काव्य' दुई गीति एल्वम बजारमा ल्याएर स्रोतामाझ लोकप्रिय बनेकी गायिका आचार्यले त्यसपछि पछाडि फर्केर हेर्नु परेको छैन। १३ वर्षसम्म स्कुलमा पढाएर अहिले आफ्नै 'फाइन टोन रेकर्डिङ स्टुडियो' अनामनगरमा सञ्चालन गरिरहेकी गायिका आचार्य संगीत सिर्जनामा पनि सक्रिय रहँदै आइरहेकी छन्। सुमधुर स्वरकी धनी आचार्य विभिन्न अवार्ड तथा सम्मानबाट समेत सम्मानित भएकी छन्। नारीहरुको मुख्य पर्व तीजको अवसरलाई विगतमा झैं यस वर्ष पनि निरन्तरता दिने उद्देश्यले तीज गीत 'सम्झ्यौकी आमाले' सार्वजनिक गर्ने तयारीमा रहेकी शालिन स्वभावकी गायिका काव्य आचार्यसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :**

**आरामै हुनुहुन्छ ? तीजको तयारी के हुँदैछ यसपालि ?**

सन्चै छु। तीजको अवसरलाई निरन्तरता दिने क्रममा यसपटक पनि तीज गीत तयारी अवस्थामा रहेको छ। यो पटक मैले 'सम्झ्यौकी आमाले' बोलको नेपालीपन झल्कने र मनै छुने तीज गीत तयार पारेकी छु। आज भोलि नै सार्वजनिक हुने अवस्थामा छ।

**केही समय पहिले सार्वजनिक गर्नुभएको गीतको प्रतिक्रिया कस्तो पाइरहनुभएको छ ?**

केही समय अगाडि सार्वजनिक गरेको 'तिम्रै यादमा' गीतले सोचेकोभन्दा बढी नै राम्रो प्रतिक्रिया पाइरहेको छ।

**संगीत सिर्जनामा पनि लाग्नुभयो, जम्नु भएन नि ?**

२०, २२ वर्षदेखि यही पेशामा छु, काम गरिरहेकी छु। जम्नु भनेको के हो ? यदी भाइरल हुनुलाई जम्नु भन्न खोज्नु भएको हो भने मलाई जम्नुसँग रहरै छैन।

**धेरै महिलाहरु गायनमा स्थापित हुने तर संगीतमा नहुने कारण ?**

महिलालाई संगीतको रुपमा अलि नपत्याइएको पनि हो कि जस्तो लाग्छ मलाई।

**दुई दशकको सांगीतिक यात्राले आर्थिक र प्रतिष्ठाको हिसाबले कहाँ पुर्‍यायो जस्तो लाग्छ ?**

दुई दशकको सांगीतिक यात्रामा गायिका काव्य आचार्य भनेर एउटा सानो भएपनि परिचय बनाउन सकें, यो नै मेरो लागि ठूलो उपलब्धि हो।

**छोरी मान्छे भएकै कारण यो क्षेत्रमा कतिको भेदभाव भएको महसुस गर्नुभएको छ ?**

हरेक क्षेत्रमा भेदभाव छ भने यो पेशामा भेदभाव नहुने कुरै भएन।

**संगीतमा स्नातकोत्तर गर्नुभएको छ, नेपाली गीतसंगीतप्रति युवापुस्ताको आकर्षण घट्नुको कारण ?**

नेपाली गीत संगीतमा युवापुस्ताको आकर्षण घट्नुको कारण भनेको गीत संगीतमा जीवन सुनिश्चित नहुनु नै हो। किनभने १०औं वर्षदेखि साधना गरिरहेको मान्छे पछाडिको पछाडि छ, तर २, ४ दिन अगाडि आएका भाइरलहरुले बजार खाइदिन्छन्।

**संगीत प्रशिक्षक पनि हुनुहुन्छ, तपाईंले सिकाएका प्रशिक्षार्थीहरुको भविष्य कस्तो देख्नुहुन्छ ?**

पहिलो कुरा त हाम्रो गीतसंगीतको बजार नै सानो छ। अर्को कुरा राज्यको तर्फबाट पनि खासै सहयोग छैन। त्यसैले गर्दा पनि २-४ जनाभन्दा अरुको त्यति भविष्य देख्दिनँ म चाहिँ।

**पेशागत हकहितका लागि भनेर थुप्रै संघसंस्था खुलेका छन्, उनीहरुको कार्य सम्पादनबाट सन्तुष्ट हुनुहुन्छ ?**

संघसंस्थाबाट पनि जति हुनुपर्ने थियो त्यति सन्तुष्ट हुने काम भएको छैन।

**अडियो, सिडीको समय सक्किए पनि गीत रेकर्डिङ गर्नेहरुको भिड नघट्नुलाई कसरी लिनुहुन्छ ?**

गीतसंगीत भन्ने चिज यस्तो नशा हो कि त्यो नशा जसलाई लागेको छ उसलाईमात्र थाहा छ, यही कारण हो रेकर्डिङ नघट्नुमा।

**राज्यले कलाकर्मीलाई राष्ट्रको गहनाको रुपमा लिएको छ, राज्यबाट तपाईंले अहिलेसम्म के पाउनुभयो ?**

व्यक्तिगतरुपमा मैले राज्यबाट के पाएँ भन्दा पनि समग्र कलाकारको हकहितका लागि जति गर्नुपर्थ्यो त्यति गरेकै छैन राज्यले। सरकार कलाकारको हकहितका लागि प्रबिद्ध हुन जरुरी छ।

**रोयल्टीको कुरा उठ्छ, बौद्धिक सम्पत्तिको कुरा उठ्छ, वास्तविक स्रष्टाले नपाएको गुनासो छ। बीचमा फाइदा कसले उठाइरहेको छ ?**

वास्तवमा सिष्टम गतिलो हुन नसकेर पारदर्शी हुन नसकेको हो र पारदर्शी नभएपछि जसको पहुँच छ उसैको चल्छ यहाँ।

**झण्डै दुई सय गीत गाइसक्नुभएको छ। काव्य आचार्य भनेर कुन गीतले स्रोतामाझ चिनायो ?**

काव्य आचार्य भनेर चिनाउने धेरै गीत छन्। जस्तै 'किन आज धेरै पछि', 'चरीले गुँड छाडेर गयो', 'माछा तारेको', 'औंठी चिनो', 'घैया मकै', 'दिलमा सजाउँछु', 'तिम्रै यादमा सैयाको', 'टुट्यो मायाजाल', 'शिरमा सिन्दुर' आदि।

**पछिल्लो समय गीतसंगीतमा छाडापन आयो भन्छन् नि ?**

ठिक भन्नु भयो छाडापन आएको छ, यसलाई मर्यादित बनाउने दायित्व पनि स्वयं कलाकारको नै हो।

**अन्त्यमा समग्र गीतसंगीतको क्षेत्रलाई उत्थान र विकासका लागि राज्यबाट के अपेक्षा गर्नुहुन्छ ?**

सांगीतिक क्षेत्रको समग्र विकासका लागि एक्लैले गरेर केही हुन्न। पेशागत एकताको आवश्यकता पर्दछ। समाधान गर्नुपर्ने समस्या धेरै भएपनि राज्यले रोयल्टीलाई मात्रै भएपनि व्यवस्थापन र पारदर्शीलाई सिष्टममा लगिदियो भनेमात्र पनि कलाकारले ठूलो राहत पाउँथे कि।

# नवोदित साहित्यिक वाचनालय कतारको १५औं अधिवेशन तथा कृति अवार्ड सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३० असार

नवोदित साहित्यिक वाचनालय कतारको १५औं अधिवेशन सम्पन्न भएको छ। अधिवेशनसँगै आदिकवि भानुभक्त आचार्यको २०९औं जन्म जयन्ती, सातौं नवोदित कृति अवार्ड, स्रष्टा सम्मान तथा बधाई कार्यक्रमसहित अनेसास नवोदितको १३६औं वाचन डबलीअन्तर्गत विशेष रचना वाचन सम्पन्न भएको हो। गजलकार परीविक्रमद्वारा लिखित गजल संग्रह अंकमालको विमोचनसहित सम्पन्न अधिवेशन वाचनालयका अध्यक्ष रूप रसाइलीको सभापतित्व तथा अनेसास कतार च्याप्टरका अध्यक्ष मणि पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। अधिवेशनमार्फत आगामी एक कार्यकालका लागि नारायण भण्डारी 'निर्जल'को नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएको छ। समितिको प्रथम उपाध्यक्षमा लीलानाथ घिमिरे, द्वितीय उपाध्यक्षमा सानु थपलिया, मोबाइल पुस्तकालय संयोजकमा सोम थापा, महासचिवमा शोभाराम ओली, सचिवमा शिव सुवेदी, कोषाध्यक्षमा



धर्म सन्देश र सह-कोषाध्यक्षमा खिम पुन चयन भएका छन्। कार्यसमितिका सदस्यहरूमा सुरेश परियार 'आभास', अनवर अली र विनोद अधिकारी रहेका छन्। निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक पत्रकार महासंघ कतार शाखाका कार्यवाहक अध्यक्ष दिल श्रेष्ठले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

### डबली र सम्मान

चार साहित्यकारका विशेष रचना वाचनअन्तर्गत डबलीमा अनवर अली, लीलानाथ घिमिरे, शोभाराम ओली र खेमराज सुवेदीले आफ्ना रचना वाचन गरेका थिए। सर्जकहरूले रचना वाचन गरीरहँदा बाँसुरीबाधक ख्याम भट्टराईले बाँसुरीको धुनमार्फत रचना वाचनलाई नयाँ उचाइ दिएका थिए। निवर्तमान अध्यक्षलाई कार्यसमितिले प्रदान गर्ने सम्मानअन्तर्गत नवोदितका प्रमुख सल्लाहकार टिका खड्का सम्मानित भएका छन्। त्यस्तै रचना वाचन गर्ने चारै जना सर्जक, बाँसुरीबाधक र कार्यसमितिका सल्लाहकारहरूलाई समेत सम्मान गरिएको थियो।

### कृति अवार्ड

कतारमा बस्दा या कतार छाडेर गएपछि लेखिएका नेपाली भाषाका सेवकहरूको कृतिलाई 'नवोदित कृति अवार्ड' प्रदान गर्दै नवोदितले हौसला बढाउँदै आइरहेको छ। सातौं संस्करणअन्तर्गत 'नवोदित कृति अवार्ड -२०८०'मा 'मैले देखेको कतार' रमजान अली मियाँ, 'सलेदो' गजल संग्रह दीप मिलन, 'मौसम' गजल संग्रह- एनवि अन्जान र 'सुलभ' उपन्यास- शोभाराम ओलीका कृतिहरू दर्ता भएका थिए। ती कृतिहरू मध्येबाट 'सुलभ' उपन्यास संग्रहले उक्त अवार्ड जितेको छ। सुलभका लेखक शोभाराम ओली हुन् भने उनले अवार्डसँगै ५ हजार ५ सय ५५ रुपैयाँ नगद पनि प्राप्त गरेका छन्। यसअघि महेन्द्र अदृश्य राई 'अदृश्यको प्रतिविम्ब' कविता संग्रह २०६९, भानु सुनुवार 'रहरको बिस्कुन' गजल संग्रह २०७०, लेख कार्की 'मन्दिर' गजल संग्रह २०७२, विनोद खड्का 'ओला' नियात्रा संग्रह २०७४ र मीनराज वसन्त 'पिपिरी' उपन्यास २०७६, 'सनैया' संग्रह २०७८ ले अवार्ड जितिसकेका छन्।

नारायण भण्डारीले स्वागत मन्तव्य राखेको अधिवेशनमा सानु थपलियाले भानुभक्त आचार्यको जीवनी वाचन गरेका थिए। अधिवेशनमा कतारमा स्थापित थुप्रै संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्यता तथा शुभकामना मन्तव्य रहेको थियो। आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि पौडेलले पृथक तवरले कार्यक्रम सम्पन्न गरेकोमा गर्व लागेको बताए। खुला सत्रको समापन सभापति रसाइलीले गरेका थिए भने सहजीकरण महासचिव सोम थापाले गरेका थिए।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मितिः २०८०/३/३१

यस कम्पनीको मिति २०८०/२/०४ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाम **एपेक्स मल्टिप्लेक्स लिमिटेड** (दर्ता नं. २९३६२३) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०३/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एपेक्स हस्पिटालिटी लिमिटेड** (दर्ता नं. २९३६२३) कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## कम्पनी गाभिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८०/०३/३१**

यस सम्पदा ईनर्जी प्रा.लि. (प्रा.लि. नं. १५४०४३)को मिति २०७९/९/२८ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव र पालुन हाइड्रो पार्टनर्स प्रा.लि. (प्रा.लि. नं. १७११३४) को मिति २०७९/९/२८ मा सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव बमोजिम पालुन हाइड्रो पार्टनर्स प्रा.लि. (प्रा.लि. नं. १७११३४) को सम्पूर्ण सम्पति र दायित्व सम्पदा ईनर्जी प्रा.लि. (प्रा.लि. नं. १५४०४३) ले सकार्ने गरी सम्पदा ईनर्जी प्रा.लि. (प्रा.लि. नं. १५४०४३)मा गाभिएको सूचना सम्वन्धित सबैमा जानकारी गराइन्छ।

**सम्पदा ईनर्जी प्रा.लि. (प्रा.लि. नं. १५४०४३)**
का.म.न.पा.–१०, काठमाडौं, बाग्मती प्रदेश

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः DCOMPLETE BEVERAGE COMPANY
शहरः Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०३/२९
चलानी नं.: ६०२०४६३७
L.T. No.: 289257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
रमाइलो शाखा, कानेपोखरी गाउँपालिका, मोरङ्ग
सम्पर्क फोनः ९७७-०२१-५८५१६२/६३

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री कमल बहादुर पराजुलीको नाति, नर बहादुर पराजुलीको छोरा, मोरङ्ग जिल्ला, वयरवन गा.वि.स. वडा नं. ०८ हाल कोशी प्रदेश मोरङ्ग जिल्ला, कानेपोखरी गाउँपालिका वडा नं. ०६ बस्ने ५१ वर्षको श्री हेम राज पराजुलीको मिति २०७९/१२/१० (ई.सं. २४/०३/२०२३) मा मृत्यु भएकोले स्व. हेम राज पराजुलीकी पत्नी हाल कानपोखरी गाउँपालिका वडा नं. ०६ बस्ने श्रीमती होमा देवी कार्कीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको रमाइलो शाखा, कानेपोखरी गाउँपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

२५ औं
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

## UAE को प्रतिष्ठित कम्पनीमा भित्रीकाममा रोजगारीको अवसर

कम्पनीः TRUMAX ELECTROMECHANICAL SERVICES L.L.C
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/०७
चलानी नं.: ६०२०३५२३
LT. No.:288202

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | जनरल हेल्पर(भित्री काम) | 130 | 0 | स. काममा दक्ष | 800 | २८,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

एप्रोभल रेडी भएकोले भिषा एक हप्तामा पाइने।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा असार ३१ (आज) (16 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**पास इन्टरनेशनल प्रा. लि.**
PAS International Pvt. Ltd.
श्रम इजाजत नं. ८७२/०६६/०६७
पास हाउस, सामाखुसी, काठमाडौं, (अल नेपाल हस्पिटलको बाटो नेचर बोर्डिङ स्कुलसँगै)
फोन नं.: ०१-४९८०८११, ०१-४९८१३२२, ०१-४९८१४२२,

## यूएईमा रोजगारको अवसर

कम्पनीः HIRMAS REAL ESTATE LLC
शहरः UAE
पूर्व स्वीकृत मितिः२०८०/०३/२९
चलानी नं.: ६०२०४५८२
LT. No.: 289266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 40 | 0 | स. काममा दक्ष | 800 | २८,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा मिति २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**शुभ हारती म्यानपावर प्रा. लि.**
बालाजु चोक, काठमाडौं, नेपाल, श्रम इजाजत नं.: ६०३/०६२/०६३
फोन नं.: ०१४९८७६२४

## प्रधानमन्त्री कप राष्ट्रिय भलिबल क्लब लिग

# महिलातर्फ पुलिस, पुरुषतर्फ हेल्प नेपाल च्याम्पियन



**काठमाडौं/मस-** सातौं प्रधानमन्त्री कप राष्ट्रिय भलिबल क्लब लिगको महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले जितेको छ भने पुरुषतर्फको उपाधि टिपटप हेल्प नेपालले जितेको छ। त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा शनिबार भएको फाइनलमा नेपाल पुलिस क्लबले एपीएफलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेको हो। यस्तै पुरुषतर्फ भने हेल्प नेपालले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेको हो। प्रतियोगिताभर एक सेट पनि नगुमाएको पुलिसले फाइनलमा भने १ सेट गुमाउन पुग्यो। पहिलो सेट २५-१२ ले जितेको पुलिसले दोस्रो सेटमा एपीएफलाई २१-२५ ले सुम्पिएको थियो। तेस्रो सेटमा भने पुलिसले उत्कृष्ट कमब्याक गर्दै २५-२३ ले आफ्नो पक्षमा पार्न सफल भयो। लगातार पछि परेको पुलिसले एपीएफलाई २३ अंकमा रोक्दै सेट जित्न सफल भएको थियो। चौथो सेटमा २५-१९ ले जित निकाल्दै पुलिसले उपाधि जित्न सफल भयो। यस्तै पुरुषतर्फ हेल्प नेपालले पहिलो सेट २५-१९ले आफ्नो पक्षमा पाऱ्यो। दोस्रो सेट पुलिसले २५-११ ले आफ्नो पक्षमा पार्दै खेललाई १-१ सेटको बराबरीमा पुऱ्यायो। तर तेस्रो र चौथो सेट २५-१८, २५-१८ ले आफ्नो पक्षमा पार्दै टिपटपले उपाधि उचालेको हो।

दुवैतर्फका उपाधि विजेता पुलिस र हेल्प नेपालले नगद ६ लाखसहित ट्रफी प्राप्त गरे। यस्तै दुवैतर्फका उपविजेता एपीएफ र पुलिसले नगद ३ लाख र ट्रफी प्राप्त गऱ्यो। यसैबीच महिलातर्फ नेपाल पुलिस क्लबकी स्पाइकर पुनम चन्द प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चुनिएकी छिन्। उनले नगद ३५ हजार रुपैयाँ प्राप्त गरेकी छिन्। यस्तै महिलातर्फको उत्कृष्ट लिबरो पुलिसकी शान्तिकला तामाङ, उत्कृष्ट सेटर पुलिसकी कमला पुन, उत्कृष्ट सर्भर एपीएफकी सरस्वती चौधरी, उत्कृष्ट स्पाइकर पुलिसकी उषा भण्डारी, उत्कृष्ट ब्लकर आर्मीकी संगम महतो, उत्कृष्ट प्रशिक्षक पुलिसको रुपेश विष्ट, उदीयमान खेलाडी न्यु डायमण्डकी सुमित्रा रेग्मी चुनिएका छन्।

यस्तै पुरुषतर्फ पाकिस्तान भलिबल टोलीका कप्तान तथा हेल्प नेपालका प्रमुख स्पाइकर ऐमल खान प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चुनिएका छन्। उनले सर्वोत्कृष्टबापत ३५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। पुरुषपर्फको उत्कृष्ट लिबरो हेल्प नेपालका टोबहादुर थापा (दीपक), उत्कृष्ट सेटर हेल्प नेपालका आदनान खान, उत्कृष्ट सर्भर एपीएफका हेमन्त मल्ल, उत्कृष्ट स्पाइकर हेल्प नेपालका माजहर अली, उत्कृष्ट ब्लकर आर्मीका दुर्गा खड्का, उत्कृष्ट प्रशिक्षक हेल्प नेपालका उत्वस खड्का, उदीयमान खेलाडी पुलिसका रविन चन्द चुनिएका छन्।

# उदयपुरमा साइक्लिङ कोरा च्यालेन्ज सम्पन्न

**बिन्दु राई/मध्यान्ह**
उदयपुर, ३० असार



साइक्लिङ कोरा च्यालेन्ज पाँचौं संस्करण उदयपुरको गाईघाटमा शनिबार सम्पन्न भएको छ। नेपाल साइक्लिङ संघ उदयपुरको आयोजना तथा त्रियुगा नगरपालिकाको सहयोगमा साइक्लिङ च्यालेन्ज सम्पन्न भएको हो। शनिबार आयोजित कोरा च्यालेन्जमा त्रियुगा नगरपालिकाका उपमेयर महेश्वरी राईले उद्घाटन गरेकी थिइन्। कोरा च्यालेन्ज टर्कीको भूकम्प पीडितको सहयोग, वातावरण प्रदूषण न्यूनीकरण, जिल्लामा पर्यटन विकास प्रवर्द्धन, आर्थिक विकास र खेलको पहिचान तथा आम नागरिकले आफ्नो स्वास्थ्य स्वस्थ राख्नुपर्छ भन्ने उद्देश्यले आयोजना गरिएको जिल्ला साइक्लिङ संघ उदयपुरका अध्यक्ष जितु कोइरालाले बताए। उनले यो खेल साहसिक साइकल राइडिङ भनेर बुझिने 'कोरा च्यालेन्ज' नेपालबाट शुरु भएर विश्वका २० वटा मुलुकमा विस्तार भइसकेको बताए। उनले नेपालमा अहिले १६ औं संस्करण भइसकेको तथा उदयपुरमा भने पाँचौं सस्करण सम्पन्न भएको बताए।

साइक्लिङ त्रियुगा नगरपालिका गाईघाट पिपल चोकदेखि बुरु भइ मोतिगडा, देउरी, जल्जले, मोहनपुर, चुहाडे, राजावास, बोक्से, असारीलगायत नगरको विभिन्न ठाउँ तथा वडाहरु परिक्रमा गरी गाइघाट पिपल चोकमा आएर सम्पन्न भएको थियो। साइक्लिङ कोरा च्यालेन्ज प्रतियोगितामा सयौंको सहभागिता रहेको थियो।

# श्रृजनशीलका जुडो खेलाडी र आश्रितलाई सहयोग



**काठमाडौं/मस-** कागेश्वरी मनोहरा नगरपालिका वडा ९ स्थित श्रृजनशील बाल सेवा परिवारमा आश्रित जुडो खेलाडीका साथै अन्य आश्रितलाई शनिबार खाद्यान्न र विद्यालय पोशाक सहयोग स्वरुप प्रदान गरिएको छ। जुडो विश्व भ्रमण दलका सदस्य फ्रान्सका लाउरेन्ट डि अलोभिराले उपलब्ध गराएको सहयोग आश्रितलाई हस्तान्तरण गरिएको हो। सहयोगका लागि अस्ट्रेलियाको मेल्बर्नमा बस्दै आएका जुडो खेलाडी मोहन बमले पहल गरेका थिए। मोहनकै पहलमा विगत ३ वर्षदेखि लाउरेन्टले श्रजनशीलका आश्रितलाई सहयोग गर्दै आएका छन्।

सामाजिक तथा बालवालिकाको क्षेत्रमा कार्य गर्दै आएका संस्था किवानिज क्लब अफ एभरेष्ट, नेपाल, किवानिज क्लब अफ लालीगुराँस र किवानिज क्लब अफ सिन्धुपाल्चोकले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा किवानिज नेपालका डिस्ट्रिक्ट गभर्नर लक्ष्मण लम्साल, नेपाल जुडो संघका अध्यक्ष दीपकहर्ष वज्राचार्य, जुडोका मुख्य प्रशिक्षक वीरेन्द्र रन्जितलगायले श्रृजनशीलकी अध्यक्ष उमादेवी बस्नेतलाई सामाग्री हस्तान्तरण गरे। सोही अवसरमा श्रृजनशीलमा निःशुल्क जुडो प्रशिक्षण गराइ रहेका जुडो प्रशिक्षक उत्तमप्रताप राणालाई प्रोत्साहन स्वरुप ६० हजार तथा आश्रितको विद्यालय पोशाकका लागि करिब ६४ हजार रुपैयाँ प्रदान गरिएको थियो।

कार्यक्रममा अध्यक्ष बस्नेतले सहयोगका लागि लाउरेन्टलाई धन्यवाद दिदै पहल गरी दिएकोमा बमप्रति आभार प्रकट गरिन्। बमले विगतमा पनि व्यक्तिगत तथा अन्यसंग सहयोग जुटाएर नेपाली जुडो र खेलाडीलाई सहयोग गर्दै आएका छन्। श्रृजनशीलमा करिब २० जना अनाथ आश्रित छन्। ति मध्ये १५ जना जुडो खेल्छन्।

# सेलिशालाई आर्थिक सहयोग




**काठमाडौं/मस-** अखिल नेपाल टेबलटेनिस संघले क्यान्सरको उपचार गराइ रहेकी टेबलटेनिस खेलाडी सेलिशा खड्गीलाई शनिबार उपचार खर्च सहयोग स्वरुप प्रदान गरेको छ। लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा टेबलटेनिस संघका अध्यक्ष चतुरानन्दराज वैद्यले सेलिशाका पिता सुनीललाई ९ लाख ६० हजार रुपैयाँ बराबरको चेक हस्तान्तरण गरे। टेबलटेनिस संघले सेलिशाको उपचार खर्च संकलन गर्न टेबलटेनिस प्रशिक्षक सन्ध्या शाक्यको संयोजकत्वमा आर्थिक सहयोग संकलन समिति गठन गरेको थियो। सेलिशाको उपचारमा सहयोग गर्न संघले राष्ट्रिय खुला टेबलटेनिस प्रतियोगता आयोजना गर्नुका साथै विभिन्न महानुभाव र संघ संस्थासंग आग्रह पनि गरिएको थियो।

सबैबाट संकलित ९ लाख ६० हजार रुपैयाँ उपचारका लागि हस्तान्तरण गरिएको टेबलटेनिस संघका प्रथम उपाध्यक्ष धर्ममान वज्राचार्यले जनाएका छन्। सेलिशाको भारतमा राजीव गान्धी अस्पतालमा उपचार भइरहेको छ।


## Invitation for bids

## Ganyapdhura Rural Municipality
## Office of the Rural Municipal Executive
**Ganespur, Dadeldhura**
**Sudurpashim Province, Nepal**

**Date of publication: 2080-03-31**

1. Ganyapdhura Rural Municipality invites open competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Description | Cost Estimate (Nrs) Without VAT & PS | Bid Security Amount (Nrs) | Last Date of Bid Submission | Bid Opening Date & Time | Bid Fee (Nrs) |
|---|---|---|---|---|---|---|---|
| i. | GDRM/ NCB/Works/ 01/2080/081 | Construction of Ganyapdhura Rural Municipality-3 Administrative Building (Ground Floor) | 1,15,02,998.07 | 3,40,213.00 | 2080/04/30 before 12:00 pm | 2080/04/30 at 2:00 pm | 3,000.00 |
| ii. | GDRM/ NCB/Works/ 02/2080/081 | Construction of Office Room and Meeting Hall at Ganyapdhura Rural Municipality-05 (Ground Floor) | 26,06,098.72 | 77,354.00 | 2080/04/30 before 12:00 pm | 2080/04/30 at 2:00 pm | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
   a. Name of the Bank : Nepal SBI Bank, Ganyapdhura Branch
   b. Name of Office : Ganyapdhura Rural Municipality
   c. Aantarik Rajaswa Account : Ga 1.1 - 41995241207004

**Chief Administrative Officer**

**Government of Nepal**
## Aathrai Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
**Hangpang, Taplejung**

## Invitation for Electronic Bid

**Date of First publication: 2023/07/16**

1. Aathrai Tribeni Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the work given below. Some of the qualification criteria are mentioned below and the details are mentioned in the bidding documents.:

| S.No. | Contract No. | Description of Works | Bid Security Amt. | Bid Fee Amt. | Key Activities |
|---|---|---|---|---|---|
| 1. | ATRM/NCB/ BG/05/79/80 | Construction of Sobhuwa River Bridge at Madan Bhandari Highway connecting Yakse and Devithan | NRs. 7,50,000/- | NRs.5,000 | PCC in RCC Work of M30 grade (390.6 cum) |

2. Aathrai Tribeni Rural Municipality has allocated funds for the work of Construction of Sobhuwa River Bridge at Madan Bhandari Highway connecting Yakse and Devithan (ATRM/NCB/BG/05/79/80) and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible as per Section V of bidding document under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures for project.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - *Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years for Contract is NRs 3,75,00,000/-*
   - *Minimum Work experience of similar size and nature:[number of project is 1 and value of project Rs. 1,50,00,000/-]*
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information at the office of Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung, aathrai.tribenimun@gmail.com, +977-9852660960 and inspect the Bidding Documents by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. For a complete set of bidding documents, bidders may download the bidding documents & submit their bid electronically for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account and bid security in account as specified below. Information to deposit the cost of bidding document in Bank: **For Bid Fee :**
   **Name of the Bank : Rastriya Banjiya Bank Limited**
   **Name of Account : AATHRAI GA. PA. (GA-1-1)-AANTARIK RAJ**
   **Office Account no. : 2670100301010002**
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before [12:00 noon] on [2023/08/15]. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 noon on 2022/08/15] at the office of Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung.
8. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of as per above mentioned table which shall be valid for 30 days beyond the validity period of the bid.
   **For Bid Security :**
   **Name of the Bank : Rastriya Banjiya Bank Limited**
   **Name of Account : AATHRAI GA. PA. (GA-3)-DHARAUTI ACCOU**
   **Office Account no. : 2670100303000002**
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**
**Aathrai Tribeni Rural Municipality**



# ‘पोड-वे आधुनिक र सस्तो प्रकारको माइक्रो रेल हो’

पोड-वे रेल प्रविधिको नयाँ र पछिल्लो आधुनिक एक प्रकारको माइक्रो रेल हो । बेलारुसबाट विकास भएको यो प्रविधि नेपालमा भित्र्याउन काठमाडौं पोड-वे ले पहल गरिरहेको छ । मानोरेल, केबलकार र रेल यातायात भन्दा निर्माण गर्न सस्तो पर्ने, दीर्घकालीन हुने र सञ्चालन गर्न समेत सस्तो पर्ने भनिएको छ । जसले नेपालजस्तो विविधता भूगोल भएको मुलुकको विकासमा ठूलो योगदान पुऱ्याउन सक्नेछ । प्रस्तुत छ, सोही पोड-वे प्रविधिसँग सम्बन्धित विषयमा काठमाडौं पोड-वे प्रालिका उपाध्यक्ष **निल भट्टराई**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानीका सम्पादित अंश :

**निल भट्टराई**, उपाध्यक्ष, काठमाडौं पोड-वे प्रा.लि.

**तपाईंहरुले नेपालको यातायात क्षेत्रमा जुन नयाँ प्रविधि भित्र्याउने कोसिस गर्दैहुनुहुन्छ, कहाँ पुगेको छ सो विषयको कार्यान्वयन ?**

यातायात क्षेत्रमा हामीले काम गर्न खोजेको नितान्त नौलो प्रविधि हो । हामीले केही किलोमिटर मात्रै निर्माण गरेर धेरै भाडा उठाउने भन्दा पनि काठमाडौंमा सयौं किलोमिटर निर्माण गरेर यहाँको ट्राफिक जाम हटाउने उद्देश्यले काम गर्न खोजेका हौं । साथै यो नेपाल सुहाउँदो प्रविधि भएको हुनाले चरणबद्ध रुपमा नेपालभरी नै पुऱ्याउने लक्ष्य राखेका छौं । जसमध्ये हामीले लुम्बिनीमा ६ किलोमिटरमा सबैभन्दा पहिले यसको काम अगाडि बढाउन लागेका छौं ।

लुम्बिनीमा गुरुयोजना अन्तर्गत ट्रामको शुरुवात गर्ने भन्ने रहेछ । तर, ट्राम ३/४ सय वर्ष पुरानो प्रविधि भएको र त्यसको जडानको प्रकृयामा मायादेवी मन्दिर जिर्ण हुने भएकाले र हामीले ल्याएको प्रविधि विश्व सम्पदामैत्री हो त्यसैले हामीले लुम्बिनीमा पाइलट प्रोजेक्टको रुपमा यसलाई कार्यान्वयन गर्न लागेका छौं ।

**खासमा यो प्रविधि कस्तो हो ? यसको निर्माण लागतको अवस्था कस्तो रहन्छ ?**

यो एकप्रकारको झुण्डिने रेल हो । जुन तारमा भुण्डिएर हिँड्छ । हामी केबलकारसँग परिचित भएको र यो माथि हिँड्ने भएकाले त्यस्तै भन्न पनि मिल्यो तर, यो रेल नै हो । यसलाई माइक्रो रेल पनि भन्ने गरिन्छ । मोनोरेल, केबलकार लगायत जतिपनि यातायातका साधनहरु छन्, त्यसमध्ये यो नौलो र पछिल्लो प्रविधि हो ।

यसको लागत केबलकार भन्दा ५० प्रतिशत सस्तो पर्छ भने मेट्रो रेल बनाउने लागतमा हेर्दा त्यसको ५ प्रतिशत खर्चमा निर्माण हुनसक्छ । यसको निर्माण लागत प्रतिकिलोमिटरमा ४० करोड सम्म पर्छ । यो रेल प्रतिघण्टा एकसय पचास किलोमिटरको गतिमा हिँड्न सक्छ । यसमा अत्यन्तै किफायती र दीर्घकालसम्म टिकाउ हुनसक्ने प्रविधिको प्रयोग गरिएको हुन्छ । जस्तै केबलकारमा ७ वर्षमा तार फेर्नपर्ने हुन्छ भने यसको एकसय वर्षसम्म टिकाउ हुन्छ । साथै, एकपटक प्रविधि जडान गरेपछि निरन्तर मर्मतको खर्च पनि कम आउँछ । यो रेलमा प्रतिकिलोमिटर १० रुपैयाँमा यात्रा गर्न सकिन्छ ।

यो सस्तो पनि किन हुन्छ भने, यसको पूर्वाधार निर्माणमा मुआब्जा विवाद हुँदैन । जहाँ सडक छ त्यसैको माथि आकाशमा



र खोला भएको ठाउँमा खोलाको माथि यो जडान गरिन्छ । हामीले राज्यसँग मात्रै समन्वय गर्नसक्दा हुन्छ । मुआब्जा विवादमा जानु नै पर्दैन । यसको स्टेशन आकाशे पुल जस्तै हुन्छ, जसले जेब्राक्रसिङ र स्टेशन दुवैको काम गर्छ । सरकारसँग समन्वय गर्न सक्दा हामीले डेढ वर्षमा नै सय किलोमिटर बनाउन सक्छौं । तर, जबकी एउटा सय किलोमिटरको मेट्रो रेल बनाउँदा ३० वर्ष समय लाग्छ भने १५ खर्ब लगानी लाग्छ ।

उपयोगिताको हिसाबले हेर्दा यसमा मान्छे र ढुवानीजन्य सामान दुवैको लागि उपयोगी हुनसक्छ । दुईवटा पोलको बीचमा यसले एकपटकमा ५० टनसम्म थेगेर ढुवानी गर्ने क्षमता राख्छ । यसमा हामीले २० फिट र ५० फिट दुवै साइजका कन्टेर पनि ढुवानी गराउन सक्छौं । यो कम्प्युटरको सहायताले सञ्चालन हुने भएकाले सबै विषय वास्तविकतामा आधारित हुन्छ ।

**अहिलेसम्म यो रेल सञ्चालन गर्न सकिने विषयमा तपाईंहरुले सम्भाव्यता कहाँ-कहाँ अध्ययन गर्नुभयो ?**

अहिले लुम्बिनीमा हेरिटेज इम्प्याक्ट एसेस्टमेन्ट (एचआइए) सहमति भएको छ । तर, हामीले तर सम्भाव्यताको अध्ययन भने हामीले ३ ठाउँमा गरेका छौं । एभरेष्ट बेस क्याम्प, काठमाडौं सय किलोमिटर र लुम्बिनीमा गरेका छौं । जसको लागि हामीले बेलरुसकै प्राविधिक सहायताले गरेका हौं ।

लुम्बिनीले सहमति प्रदान गरेपछि हामीले काम शुरु गर्छौं । हेटौंडादेखि काठमाडौंको विषयमा अध्ययन गर्नको लागि एशियाली विकास बैंको इन्ट्रेस्टमा हेटौंडाको कन्टेनर चोभारमा ल्याउने विषयमा अध्ययन भएको थियो । अध्ययनअनुसार एकसय टन सामान हेटौंडाबाट चोभारसम्म एक घण्टासम्ममा आइपुग्न सक्छ । सो सामान १३ हजार रुपैयाँ बराबरको विजुली लागतमा आइपुग्छ ।

**यो प्रविधि नयाँ भएकाले पक्कैपनि नीतिगत रुपमा समस्या हुनसक्छ, आवश्यक नीति निर्माणको लागि राज्यसमक्ष तपाईंहरुले कसरी पहल गरिरहनु भएको छ ?**

खासगरी काठमाडौंमा यसको कार्यान्वयनको लागि काठमाडौं उपत्यकाभित्रका १३ वटा पालिकाहरुसँग हामीले पटक-पटक छलफल गर्ने काम गरेका छौं । त्यसपछि उहाँहरुले आवश्यक पहलकदमीको लागि सहरी विकास मन्त्रालयमा सुझाव दिनुभएको छ । त्यसपछि सहरी मन्त्रालयबाट योजना आयोगमा सो विषय पुगेर योजना आयोगले यसलाई राष्ट्रिय योजनाको रुपमा नै अगाडि बढाउने तयारी गरिरहेको छ ।

यो सानो पर्यटन गन्तव्यको लागि भन्दा पनि मास ट्रान्सपोर्टेसनको लागि उपयुक्त हुने भएकाले सोही अनुसार नै हामीले अगाडि बढाउन खोजेका हौं । आज भर्खरै मैले कर्णाली प्रदेशको मुख्यमन्त्रीसँग भेटेर आएको छु । उहाँहरुले सुर्खेतबाट मानसरोवर रुटको लागि लैजानेगरी यही वर्षमा उहाँहरुले नीतिगत कार्यक्रम र बजेटमा व्यवस्था गरेर अगाडि बढाउनु भएको छ । यसको लम्बाई तीन सय किलोमिटर छ । मेची महाकाली रेल बनाउने जुन विषय छ, त्यो प्रकारको रेल बनाउने भन्दा आधा खर्चमा यो तयार हुन्छ । साथै यो जंगल र जीव जनावर मैत्री पनि रहेको छ । साथै यो नेपालकै विजुलीबाट नै सञ्चालन हुनसक्छ ।

## मिटरब्याजीसम्बन्धी पुरानै विधेयक संसद्बाट पारित हुन्छ : उपप्रधानमन्त्री श्रेष्ठ



**काठमाडौं/रासस** - उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले संसद्मा रहेको मिटरब्याजी विरुद्धको विधेयक नै अघि बढाइने बताएका छन् । प्रेस सेन्टर नेपाल, चितवनले शनिबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले संसद्मा रहेको विधेयकलाई नै अघि बढाउने प्रक्रियामा छलफल भइरहेको बताएका हुन् ।

‘हामीले मिटरब्याजी विरुद्धको पुरानो विधेयकलाई नै अघि बढाउन लागिरहेका छौं, छिट्टै विधेयक पारित गर्ने स्थितिमा सरकार पुग्छ’, उपप्रधानमन्त्री श्रेष्ठले भने । संसद् अवरोधका कारण विधेयक पारित हुन नसकेको उल्लेख गर्दै उनले अब संसद् सञ्चालन हुने बित्तिकै यसलाई पारित गरिने बताए ।

‘प्रतिपक्षी पनि विधेयकको पक्षमा हुनुहुन्छ, यसलाई हामी चाँडै संसद्बाट पारित गर्छौं’, उनले भने । सरकारले संसद्मा दर्ता गराएको विधेयकको विषयमा दलहरुसँग छलफल भइरहेको उपप्रधानमन्त्री श्रेष्ठले बताए । मिटरब्याजी विरुद्धको उजुरी नलिने र छानबिनका क्रममा पीडितको पक्षमा न्याय हुने काम नरोकिने उनको भनाइ छ । विधेयकलाई ऐनका रुपमा लैजान मिल्दैन कि भन्ने चर्चा परिचर्चा भइरहेको उल्लेख गर्दै उहाँले संवेदनशील मुद्दामा विधेयक चाँडो पास गर्नुपर्ने बताए। उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘संवेदनशील मुद्दामा कानुनी ग्याब लामो राख्न नमिल्ने भएकाले संसद् खुल्दा पारित हुने गरी काम अघि बढेको छ ।’

ललिता निवास प्रकरणका सम्बन्धमा उनले भने, ‘कस्लाई पहिला पक्राउ गर्ने, पहिला कस्लाई अनुसन्धान गर्ने, अभियोजन दर्ता गर्ने भनेर व्यक्ति हेरेर किटान गर्ने र प्रक्रिया अघि बढाउने गर्दैनौं ।’ प्रहरीले तथ्य र प्रमाणका आधारमा अनुसन्धान गर्ने उनको भनाइ थियो । ‘अनुसन्धानका लागि प्रहरी संयन्त्रलाई दबाब दिन मिल्दैन र दिँदैनौं’, उनले थपे, ‘हामीले हस्तक्षेप मुक्त भएर अनुसन्धान गरेर अपराधीलाई दायरामा ल्याउन भनेका छौं ।

## खल्तीबाट विद्यार्थीले डिजिटल आवेदन दिन सक्ने

**काठमाडौं/मस** – खल्तीले +२ कलेजहरूको खोजीमा रहेका विद्यार्थीहरूलाई लक्षित गर्दै प्रवेश परीक्षाका लागि आवेदन दिन डिजिटल प्रणाली ‘प्रवेशिका’ उपलब्ध गराएको छ । यस प्लेटफर्मबाट एसईई उत्तीर्ण विद्यार्थीहरूले एकै पटक ५०+ कलेजहरूमा आवेदन दिन सक्नेछन् ।

यससँगै प्रवेशिका मार्फत आवेदन दिने ५ विद्यार्थीलाई १ वर्षको १०० प्रतिशत छात्रवृत्ति पनि उपलब्ध हुनेछ । प्रवेशिका मार्फत हालै काठमाडौं उपत्यका रहेका कलेजका लागि एकै ठाउँमा भर्ना आवेदन दिन मिल्ने प्रणालीको रूपमा काम गर्दछ । यो प्रयोगकर्ता-अनुकूल डिजिटल प्लेटफर्मले कलेज र विद्यार्थीहरूलाई एक साझा प्लेटफर्ममा ल्याउँदै कलेज भर्ना प्रक्रियामा दुवै पक्षहरूलाई सजिलो बनाउने जनाइएको छ । अहिले प्रवेशिकाले काठमाडौं उपत्यका भित्र रहेका ५०+ भन्दा बढी कलेजहरूको विकल्प प्रदान गर्दछ र आउँदा दिनमा उपत्यका बाहिरका कलेजहरू पनि उपलब्ध गराउने उद्देश्य राखेको छ ।

## भुक्तानी र वास्तविक म्याद थपको मागसहित निर्माण व्यवसायी आन्दोलनमा




**काठमाडौं/मस** – असार मसान्त भइसक्दा पनि निर्माण व्यवसायीहरूको अरबौं भुक्तानी रोकिएको तथा नेपाल सरकारबाट म्याद थपको विषयमा भएको त्रुटिपूर्ण आदेशको विरोधमा नेपाल निर्माण व्यवसायी महासंघले शुक्रबार राजधानीको माइतीघर मण्डलामा एक घण्टा धर्ना दिएको छ । व्यवसायीहरूको जायज माग सम्बोधन नभएकाले नेपाल सरकारका सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउन महासंघले बिहान ९ बजेदेखि एक घण्टा धर्ना दिएको थियो ।

धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष रवि सिंहले राज्यको गैरजिम्मेवारपनका कारण महासंघले बाध्य भएर आन्दोलन गर्नु परेको बताए । ‘म्याद थप, भुक्तानीका बारेमा महासंघले गत फागुन देखि नै सरकारका सबै सम्बन्धित निकायको पटक पटक ध्यानाकर्षण गराउँदा समेत कुनै सुनुवाई नभएपछि बाध्य भएर आन्दोलन गर्नु परेको हो’, महासंघ अध्यक्ष सिंहले भने ।

भुक्तानी अभावका कारण हजारौं व्यवसायीहरू पेसाबाट पलायन भई उनीहरूमा आश्रित लाखौं श्रमिक तथा मजदुरको रोजीरोटी खोसिदा पनि राज्य मूकदर्शक बन्नु गैर जिम्मेवारीको पराकाष्ठा भएको अध्यक्ष सिंहको भनाइ थियो । बजेट बेगरका आयोजनाहरू हचुवाका भरमा घोषणा गरी पर्याप्त बजेट नछुट्याई राज्यबाट नै निर्माण परियोजना लथालिंग बनाउने काम भएको भन्दै उनले २०८० असार २१ मा प्रकाशित म्याद थपको अमूर्त सूचना व्यवसायीहरूका लागि मान्य नभएको बताए ।

विगत एक वर्षमा वर्षा, चाडबाड, क्रसर बन्द, महँगी, निर्वाचन, भुक्तानी अभावलगायतका कारणले काम हुन नसकेको स्पष्ट कारण भएकाले सबै आयोजनाहरूको एकमुष्ट २०८१ असार मसान्तसम्म म्याद थप हुनुपर्ने अध्यक्ष सिंहले बताए । धर्ना कार्यक्रमका अर्का वक्ता महासंघका सल्लाहकार तथा पूर्व अध्यक्ष यक्षध्वज कार्कीले व्यवसायीहरूको मागलाई राज्यले कहिल्यै पनि गम्भीर रूपमा नलिएको भन्दै अब निर्णायक आन्दोलन गर्नुपर्ने बताए ।

महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामाले निर्माण व्यवसायीहरूको ठुलो भुक्तानी रोकिँदा निर्माण उद्योगमा मात्र नभएर समस्त अर्थतन्त्रमा समस्या देखिएको धारणा राखे । एसोसिएट उपाध्यक्ष रामजी पन्त ‘मुकेश’ ले काम सम्पन्न गरेका आयोजनाहरूको भुक्तानी गर्न सकिन्न भन्नु अर्थ मन्त्रालयलगायतका निकायको लाचारी भएको बताए । कार्यवाहक महासचिव शिवहरि घिमिरेले भुक्तानी र वास्तविक म्याद थपको माग सहित देशभरका २४ हजार भन्दा बढी व्यवसायीहरू आन्दोलित भएको बताए ।

कोषाध्यक्ष हिरणकुमार श्रेष्ठले व्यवसायीहरूको जायज माग पूरा नभएकाले असार मसान्तको चटारोमा पनि आफूहरू सडकमा आउनु परेको बताए । धर्नामा सहभागीहरूले ‘निर्माण कार्यको बाँकी रकमको भुक्तानी तुरुन्त गर, वास्तविक म्याद थप गर, अव्यवहारिक माइलस्टोन खारेज गर, मूल्य समायोजन कायम गर’ लगायताका नारा लगाउँदै व्यवसायिक एकतामा जोड दिएका थिए ।

## आइएमई लाइफ इन्स्योरेन्सको आईपीओ बाँडफाँट सम्पन्न




**काठमाडौं/मस** - आइएमई लाइफ इन्स्योरेन्सको आइपिओ बाँडफाँड भएको छ । कम्पनीले असार २१ देखि २५ गतेसम्म सर्वसाधारणको लागि बिक्री गरेको आइपिओ बाँडफाँड गरिएको हो । धितोपत्र बिक्री प्रबन्धक सिभिल क्यापिटल मार्केटले सुन्धारास्थित कार्यालयमा बिहान ११ बजे आइएमई लाइफ इन्स्योरेन्सको आईपीओ बाँडफाँड गरेको हो।

कम्पनीले नेपाल धितोपत्र बोर्डबाट आफ्नो कुल पुँजीको ३० प्रतिशतले हुन आउने कुल १ करोड २० लाख कित्ता आईपीओ बिक्री खुला गर्ने अनुमति पाएको थियो । जसमा कम्पनीले प्रतिकित्ता २३६.९१ रुपैयाँमा आईपीओ जारी गरेको थियो ।

सो आईपीओमा ११ लाख ९५ हजार ९३२ आवेदकबाट कुल १ करोड ४५ लाख ५ हजार ३९० कित्ता शेयर माग भएको र ११ लाख ८८ हजार ९९६ आवेदकबाट परेको कुल १ करोड ४३ लाख ७२ हजार ५७० कित्ता शेयर सदर भएको बिक्री प्रबन्धक कम्पनीले जनाएको छ । त्यस्तै, ६ हजार ९३६ आवेदकबाट परेको १ लाख ३२ हजार ८२० कित्ता शेयर बदर भएको छ ।

मागभन्दा बढी आवेदन परेका कारण गोलाप्रथाबाट आइपिओको बाँडफाँड गरिएको छ । जसमा ९ लाख ६० हजार आवेदकले १० कित्ताका दरले शेयर प्राप्त गरेका छन् भने २ लाख २८ हजार ९९६ आवेदकको हात खाली भएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**